
# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (मधेश प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०७८/७९)




## नेपाल राष्ट्र बैंक
### जनकपुर कार्यालय

(२०७९ असार)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषण गरी सो को जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था भए अनुरुप नेपाल राष्ट्र बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरूको संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदनहरू नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरूको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । बैंकको कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशको ८ वटा जिल्लाहरू (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) को आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्ध वार्षिक अवधिमा भएको आर्थिक गतिविधिहरूको अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरूको कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्क संकलन तथा प्रशोधन गर्नुका साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी तथ्याङ्क, कृषि बालीले ढाकेको क्षेत्रफल र धान, मकै, गहुँ, जौ, कोदो र फापरको कृषि उत्पादनसँग सम्बन्धित तथ्याङ्क तथा घरजग्गा रजिष्ट्रेशन र राजस्व सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग, आर्थिक अनुसनधान महाशाखाबाट प्राप्त गरी आवश्यक प्रशोधन सहित यो प्रथम अर्ध-वार्षिक आर्थिक प्रतिवेदन तयार गरिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरूलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । मधेश प्रदेशका जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा आगामी वर्ष तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

**"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा आए पश्चात् मधेश प्रदेशका ८ वटै जिल्लाहरूको आर्थिक वर्ष २०७८/७९ को अर्ध-वार्षिक तथ्याङ्कलाई आधार मानी तयार गरिएको यो अध्ययन प्रतिवेदनले नीति निर्माता एवम् सम्बन्धित सरोकारवालाहरूलाई प्रादेशिक आर्थिक अवस्था लगायत विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा जानकारी उपलब्ध गराउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**निर्देशक**
निरा ताल्चाभडेल
**नेपाल राष्ट्र बैंक**
जनकपुर कार्यालय

# विषय सूची


पेज नं.

**भूमिका** **i**

**विषय सूची** **ii**

**तालिका सूची** **iv**

**चार्ट सूची** **iv**

**कार्यकारी सारांश** **v**

**परिच्छेद : १ परिचय** **१-३**

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययन प्रतिवेदनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा ३

**परिच्छेद : २ प्रदेशको तुलनात्मक स्थिति** **४-१०**

२.१ कुल गार्हस्थ्य उत्पादन ४

२.१.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा ४

२.१.२ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ५

२.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५

२.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति ६

२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ८

**परिच्छेद : ३ कृषि क्षेत्र** **११-१९**

३.१ कृषि उपजले ढाकेको भू–क्षेत्र ११

३.२ कृषि उत्पादन १२

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १४

३.४ सिँचाइ तथा मौसम १६

३.५ क्षेत्रगत कृषि कर्जा १६

३.६ सहुलियतपूर्ण कर्जा १७

३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना १८

**परिच्छेद : ४ उद्योग क्षेत्र** **२०-२३**

४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन २०

४.२ समग्र औद्योगिक कर्जा स्थिति २०

४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति २१

४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना २२

**परिच्छेद : ५ सेवा क्षेत्र** **२४-३०**

५.१ पर्यटन २४

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट २४

५.३ वित्तीय सेवा २५

५.४ निक्षेप तथा कर्जा स्थिति २५

५.५ यातायात २६

५.६ सेवा क्षेत्र कर्जा २६

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना २९

**परिच्छेद : ६ पूर्वाधार र रोजगारी** **३१-३७**

६.१ पूर्वाधार क्षेत्र ३१

६.२ रोजगारी ३४

६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ३५

**परिच्छेदः ७ आर्थिक परिदृश्य** **३८-३९**

७.१ प्रदेशको आर्थिक परिदृश्य ३८

७.१.१ कृषि तथा वनजन्य उत्पादन ३८

७.१.२ औद्योगिक उत्पादन ३८

७.१.३ सेवा क्षेत्र ३९

७.१.४ पूर्वाधार क्षेत्र ३९

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ७ |
| तालिका २.२: मधेश प्रदेशको जनसंख्या विवरण | ७ |
| तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | १२ |
| तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | १३ |
| तालिका ३.२: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | १४ |
| तालिका ३.३: मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन | १५ |
| तालिका ३.४: मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) | १६ |
| तालिका ३.५: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा) | १७ |
| तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | १७ |
| तालिका ४.१: जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | २१ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | २४ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरू | २५ |
| तालिका ५.३: मधेश प्रदेशमा यातायातको स्थिति | २६ |
| तालिका ५.४: सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | २७ |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा) | २७ |
| तालिका **६**.१: श्रम स्वीकृति लिनेहरूको संख्या | ३४ |


# चार्ट सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | ४ |
| चार्ट २.२: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ५ |
| चार्ट २.३: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | ६ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | ११ |
| चार्ट ३.२: सिंचित भूमिको क्षेत्रफल (हेक्टरमा) | १६ |
| चार्ट ४.१: औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा) | २० |
| चार्ट ५.१: निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा) | २६ |

# कार्यकारी सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरूमा भएको आर्थिक गतिविधिहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्ध–वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ ।

**कृषि**

१. समिक्षा अवधिमा मधेश प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ०.१० प्रतिशत, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा ०.८५ प्रतिशत र फलफूल तथा मसलाले ढाकेको क्षेत्रफलमा १.७९ प्रतिशतले वृद्धि भएको छ ।

२. समिक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा ३.०४ प्रतिशतले ह्रास आएको छ भने तरकारी तथा बागवानी उत्पादनमा ०.७५ प्रतिशत, फलफूल तथा मसला उत्पादनमा २.०५ प्रतिशतले वृद्धि भएको छ ।

३. समिक्षा अवधिमा पशुजन्य उत्पादन तर्फ दूध, मासु र अण्डाको उत्पादनमा क्रमशः ०.४५ प्रतिशत, ३.१४ प्रतिशत र ५.५९ प्रतिशतले वृद्धि भएको छ । त्यसै गरी माछाको उत्पादनमा ५.४८ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादन अन्तर्गत् काठको उत्पादनमा १८.४६ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादनमा ३३.८१ प्रतिशतले ह्रास आएको छ ।

४. २०७८ पुस मसान्तमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.५० अर्ब १ करोड कर्जा प्रवाह भएको छ जुन कुल कर्जाको ११.७८ प्रतिशत हुन आउँदछ ।

**उद्योग**

५. समिक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ४९.९२ प्रतिशत रहेको छ ।

६. समिक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा २०.४३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १२ अर्ब ३४ करोड पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा रु.९३ अर्ब २८ करोड रहेको थियो ।

**सेवा**

७. समिक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन संख्यामा २४.९५ प्रतिशतले वृद्धि भई ८९,६०६ पुगेको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा १५१.२२ प्रतिशतले वृद्धि भएको छ ।

८. २०७८ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशबाट परिचालन गरेको निक्षेप १३.२४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४७ अर्ब ९ करोड पुगेको छ भने कर्जा प्रवाह ३७.२९ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २४ अर्ब १४ करोड पुगेको छ ।

९. मधेश प्रदेशबाट परिचालित कुल निक्षेपमा पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी २६.८५ प्रतिशत र रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम ६.६१ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाह तर्फ पर्सा जिल्लाको अंश सबैभन्दा बढी ३७.३४ प्रतिशत र सप्तरी जिल्लाको सबैभन्दा कम ४.९७ प्रतिशत रहेको छ । यस प्रदेशमा बैंक वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात औसतमा १७१.६५ प्रतिशत रहेको छ ।

**पूर्वाधार**

१०. प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम रहेका छन् ।

**परिच्छेद १:**

# परिचय

## १.१ पृष्ठभूमी

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र वाह्य क्षेत्रसंग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ । सोही बमोजिम प्रदेश कार्यालय जनकपुरले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को साउनदेखि पुस सम्मको अर्धवार्षिक विवरणमा अधारित रहेको छ ।

विगतमा तोकिएका जिल्लाहरूबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तर्जूमा गर्ने प्रचलन रहेकोमा मुलुकमा संघीयता कार्यान्वयनमा आएपछि प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्नुका साथै प्रदेश स्तरमा आवश्यक सल्लाह प्रदान गर्नुपर्ने देखियो । फलस्वरुपः आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ तयार गरी मार्गदर्शनमा उल्लेख भए बमोजिम मुलुकका सबै जिल्लाहरूबाट तथ्याङ्क संकलन हुने गरी प्रदेश भित्रका जिल्लाहरूबाट नेपाल राष्ट्र बैंकका प्रदेश कार्यालयहरूले तथ्याङ्क सङ्कलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था भएको छ । सो अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जूमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति समेत समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त चालु आर्थिक वर्षको पहिलो ६ महिनाको स्थिति तथा बाँकी ६ महिनाको अवधिको अनुमानको आधारमा मधेश प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आर्थिक परिदृष्य समेत समावेश गरिएको छ । साथै पर्यटन क्षेत्रमा सर्लाही जिल्लाको भरत ताल, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-कुर्था रेलवे, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पुर्व पश्चिम रेलमार्ग, नवीकरणीय उर्जा उत्पादनमा ढल्केबरस्थित मिथिला सोलार प्लाण्ट, राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरण बारेमा समेत यस अध्ययन प्रतिवेदनमा विश्लेषण गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदनमा कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन, सडक डिभिजन कार्यालयबाट संकलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ । प्रदेशस्थित सरकारी

निकायहरूबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिंचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ३० उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्यांक बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्वको रकम नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका ५ होटलहरूबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाबाट समेत लिइएको छ । यातायाततर्फ सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा वचत तथा ऋण सहकारी संस्थाहरूको नमुना छनौट गरी विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तरगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण लिँदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरू समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । खासगरी कृषिको तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सडक पूर्वाधारको विवरण सडक विभागको विवरणमा आधारित भई प्रतिवेदन लेखनको काम सम्पन्न गरिएको छ ।

यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूका प्रशासनिक र केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । प्रदेशमा स्थापित नयाँ उद्योगहरू तथा कतिपय भईरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ ।

भौतिक निर्माण तर्फ गाउँपालीकाहरूले निर्माण गरेका सडक, सिंचाई र खानेपानी आयोजनाहरूका जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले सो सम्बन्धी तथ्याङ्क पूर्ण हुन सकेको छैन ।

सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमूना छनौटमा परेका सीमित होटलहरूबाट प्राप्त विवरणलाई आधिकारीक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ७ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रतिवेदनको परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति र हालको अवस्था बारे प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२
# कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति


## २.१ कुल गार्हस्थ्य उत्पादन

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४८ खर्ब ५१ अर्ब ६३ करोड पुग्ने अनुमान गरेको छ । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९५ प्रतिशत, १४.२९ प्रतिशत र ६१.७६ प्रतिशत रहने अनुमान छ।

### २.१.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर ४.८२ प्रतिशत रहने अनुमान छ। मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६ खर्ब ४४ अर्ब २८ करोड पुग्ने अनुमान छ। चालु आर्थिक वर्षमा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.३१ प्रतिशत, १२.११ प्रतिशत र ५३.५८ प्रतिशत रहने अनुमान रहेको छ। विभागको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा मधेश प्रदेशको अंश क्रमशः १९.०१ प्रतिशत, ११.२५ प्रतिशत र ११.५१ प्रतिशत रहने अनुमान रहेको छ। यस सम्बन्धी विवरण चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)




*(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग)*

विभागबाट प्रकाशन भएको अनुमानित विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी योगदान मधेश प्रदेशको ३४.३१ प्रतिशत रहने अनुमान छ । त्यसैगरी उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशको १८.४१ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशको ७६.६९ प्रतिशत रहने अनुमान छ।


सोही विवरण अनुसार प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशमा ११.१० प्रतिशत रहने अनुमान छ । त्यसैगरी उद्योग क्षेत्रको सबैभन्दा कम योगदान कर्णाली प्रदेशको ११.०८ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा कम योगदान प्रदेश नं. १ को ४९.१० प्रतिशत रहने अनुमान

छ । मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.३१ प्रतिशत, १२.११ प्रतिशत र ५३.५८ प्रतिशत रहने अनुमान छ ।

### २.१.२ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७८/७९ को अनुमानित कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.४८ खर्ब ५१ अर्ब ६३ करोड मध्ये बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९१ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.०८ प्रतिशत रहने अनुमान रहेको छ । अनुमानित राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको हिस्सा १३.२८ प्रतिशत रहने अनुमान छ। यस सम्बन्धी विवरण चार्ट २.२ मा प्रस्तुत गरिएको छ ।

चार्ट २.२ : कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)





*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग)*

### २.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर

गत आर्थिक वर्षको तुलनामा समिक्षा वर्षमा कोभिड-१९ को प्रकोप सामान्य भई औद्योगिक क्रियालकलाप वृद्धि हुने, पर्यटन आगमनका साथै सेवा क्षेत्रका सबै गतिविधि बढ्ने, सबै मौसममा वर्षात भईरहेकाले कृषिजन्य वस्तुहरूको उत्पादनहरू बढ्नुका साथै आवागमनमा सहजताले साना ठूला सबै प्रकारको व्यापार व्यवसाय समेत वृद्धि हुने देखिएकाले सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर बढ्ने अनुमान रहेको छ । प्रदेशगत आधारमा हेर्दा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबैभन्दा बढी बागमती प्रदेशमा ६.७४ प्रतिशत रहने अनुमान रहेको छ भने सबैभन्दा कम वृद्धिदर मधेश प्रदेशमा ४.८२ प्रतिशत रहने अनुमान छ ।

चार्ट २.३ : प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर




*(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग)*

## २.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

आर्थिक वर्ष २०७८/७९ को प्रथम अर्धवार्षिक अवधिको कुल निक्षेप परिचालनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ६८.७६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम १ प्रतिशत मात्र रहेको छ । कुल निक्षेप परिचालनमा मधेश प्रदेशको योगदान ५.०४ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५५.८६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.१९ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा मधेश प्रदेशको अंश ९.१३ प्रतिशत रहेको छ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३४.३३ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.५१ प्रतिशत रहेको छ । मधेश प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १६.६२ प्रतिशत रहेको छ । विपन्न वर्गमा प्रवाहित कर्जा मध्ये सबै भन्दा बढी बागमती प्रदेशमा ४५.७६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.९४ प्रतिशत रहेको छ । सहुलियतपूर्ण कर्जा तर्फ सबभन्दा बढी बागमती प्रदेशमा ३०.६५ प्रतिशत प्रवाह भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबभन्दा कम १.३१ प्रतिशत रही सबभन्दा कम कर्जा प्रवाह भएको देखिन्छ। पुनरकर्जा तर्फ सबभन्दा बढी बागमती प्रदेशमा ४२.६० प्रतिशत प्रवाह भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम २.३० प्रतिशत मात्र कर्जा प्रवाह भएको देखिन्छ।

बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११,२१५ मध्ये सबै भन्दा बढी बागमती प्रदेशमा २,८६६ रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा केवल ४४४ शाखाहरू रहेको छ। समिक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालित बैंक वित्तीय संस्थाहरूको शाखा संख्या १,७०३ रहेको छ।

यसैगरी मोबाईल बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ६२,५९,९२५ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ४,८३,०८१ रहेको छ। मधेश प्रदेशमा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता १६,१०,८३३ रहेका छन् । इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ९,३९,६६३ र सबैभन्दा कम कर्णाली

प्रदेशमा ९,९६८ रहेको छ । डेबिड कार्ड र क्रेडिट कार्ड प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ । यस सम्बन्धी विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

तालिका २.१ : वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

| विवरण | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश (%) | ७.१६ | ५.०४ | ६८.७६ | ७.६५ | ८.२२ | १.०० | २.१६ |
| कुल कर्जामा अंश (%) | ११.६७ | ९.१३ | ५५.८६ | ७.५४ | ११.४६ | १.१९ | ३.१६ |
| कृषि कर्जाको अंश (%) | १७.१६ | १६.६२ | ३४.३३ | ९.८२ | १५.६३ | १.५१ | ४.९३ |
| विपन्न क्षेत्र कर्जा | १४.४५ | ८.४८ | ४५.७६ | १२.६९ | १२.८७ | १.९४ | ३.८० |
| सहुलियतपूर्ण कर्जाको अंश (%) | १५.१९ | २१.१५ | ३०.६५ | १३.०६ | १४.३३ | १.३१ | ४.३२ |
| पुनरकर्जाको अंश (%) | १२.१५ | ७.४१ | ४२.६० | ११.८९ | १८.१० | २.३० | ५.५४ |
| डेबिट कार्ड प्रयोगकर्ता | १२,४६,४३२ | ९,५८,५१७ | ४७,८३,८७६ | ८,८४,७२६ | १२,७९,७९९ | २,०१,३२८ | ५,००,५४३ |
| क्रेडिट कार्ड प्रयोगकर्ता | १८,१२० | १०,३२९ | १,५७,५४२ | ११,६२० | ११,७७४ | १,३६६ | ४,४४८ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता | २२,९८,४७२ | १६,१०,८३३ | ६२,५९,९२५ | १८,६५,९३६ | २६,४६,१७१ | ४,८३,०८१ | १०,४८,०५० |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता (%) | १,२६,६८१ | १,१३,१४२ | ९,३९,६६३ | १,५१,७०० | १,८२,०६६ | ९,९६८ | ३३,१११ |
| शाखा संख्या (क,ख,ग र घ वर्ग) | १,८१६ | १,७०३ | २,८६६ | १,३९५ | २,१६६ | ४४४ | ८२५ |

*(स्रोत: नेपाल राष्ट्र बैंक)*

## राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतीजा अनुसार नेपालको कुल जनसंख्या २,९१,९२,४८० मध्ये प्रदेशगत आधारमा सबैभन्दा धेरै जनसंख्या मधेश प्रदेशमा ६१,२६,२८८ जना रहेको छ । जुन कुल जनसंख्याको २०.९९ प्रतिशत हुन आउँदछ । मधेश प्रदेशको कुल जनसंख्यामा पुरुषको संख्या ३०,७८,२२३ जना र महिलाको संख्या ३०,४८,०६५ रहेको छ । मधेश प्रदेशमा कुल परिवार संख्या ११,९०,१५४ रहेको छ । जनसंख्याको लैङ्गिक अनुपात विश्लेषण गर्दा मधेश प्रदेशमा १००.९९ रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर हेर्दा मधेश प्रदेशमा १.२० प्रतिशत रहेको देखिन्छ ।

प्रकाशित नतीजा अनुसार जन घनत्वको हिसाबले तराई क्षेत्रमा ४६१ जना जनसंख्या प्रतिवर्ग किलोमिटर रहेकोमा मधेश प्रदेशमा सबैभन्दा धेरै ६३६ जना जनसंख्या प्रतिवर्ग किलोमिटर रहेको देखिन्छ । मधेश प्रदेशका विभिन्न जिल्लाहरुको जनसंख्या विवरण तालिका १.३ मा प्रस्तुत गरिएको छ ।

तालिका २.२: मधेश प्रदेशको जनसंख्या विवरण

| जिल्ला | जम्मा जनसंख्या | पुरुष | महिला | परिवार संख्या | लैङ्गिक अनुपात | परिवारको औसत आकार | जन घनत्व | वार्षिक जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| सप्तरी | ७,१३,२०३ | ३,५५,५३० | ३,५७,६७३ | १,५१,२९५ | ९९.४० | ४.७१ | ५२३ | १.०५ |
| सिराहा | ७,४८,४१६ | ३,६९,०४९ | ३,७९,३६७ | १,५४,५९३ | ९७.२८ | ४.८४ | ६३० | १.५४ |
| धनुषा | ८,७३,२७४ | ४,३४,३३५ | ४,३८,९३९ | १,८०,८३२ | ९८.९५ | ४.८३ | ७४० | १.४० |
| महोतरी | ७,१५,०४० | ३,५४,९५२ | ३,६०,०८८ | १,४५,९०० | ९८.५७ | ४.९० | ७१४ | १.२५ |
| सर्लाही | ८,५७,३६० | ४,३३,३८२ | ४,२३,९७८ | १,६८,४२१ | १०२.२२ | ५.०९ | ६८१ | १.०३ |
| रौतहट | ८,२५,६२३ | ४,१५,८६४ | ४,०९,७५९ | १,३९,४०५ | १०१.४९ | ५.९२ | ७३३ | १.७७ |
| बारा | ७,४३,९७५ | ३,८०,१९२ | ३,६३,७८३ | १,३४,३९० | १०४.५१ | ५.५४ | ६२५ | ०.७५ |
| पर्सा | ६,४९,३९७ | ३,३४,९१९ | ३,१४,४७८ | १,१५,३१८ | १०६.५० | ५.६३ | ४८० | ०.७४ |
| **जम्मा** | **६१,२६,२८८** | **३०,७८,२२३** | **३०,४८,०६५** | **११,९०,१५४** | | | | *१.२० |

*(श्रोत : राट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग)*

* औषत जनसंख्या वृद्धिदर

मधेश प्रदेशका जिल्लाहरु मध्ये सबैभन्दा बढी जनसंख्या, परिवार संख्या र जनगणना घर संख्या धनुषा जिल्लामा रहेको छ । यस जिल्लामा कुल जनसंख्या ८,७३,२७४ जना, परिवार संख्या १,८०,८३२ र घर संख्या १,४६,४७६ रहेको छ भने सबैभन्दा कम जनसंख्या, परिवार संख्या र जनगणना घर संख्या पर्सा जिल्लामा रहेको छ । यस जिल्लामा जम्मा जनसंख्या ६,४९,३९७ जना, परिवार संख्या १,१५,३१८ र जनगणना घर संख्या ९३,७२४ रहेको देखिन्छ ।

लैङ्गिक अनुपात सबैभन्दा धेरै पर्सा जिल्लामा र सबैभन्दा कम सिराहा जिल्लामा क्रमश: १०६.५० र ९७.२८ रहेको छ । परिवारको औसत आकारको आधारमा हेर्दा रौतहट जिल्लामा सबैभन्दा बढी प्रति परिवार ५.९२ जना र सप्तरी जिल्लामा सबैभन्दा कम प्रति परिवार ४.७१ जना रहेको छ ।

जनघनत्वको हिसाबले सबैभन्दा धेरै धनुषा जिल्लामा ७४० जना प्रतिवर्ग कि.मि. र सबैभन्दा कम पर्सा जिल्लामा ४८० जना प्रतिवर्ग कि.मि. रहेको छ । मधेश प्रदेशमा जिल्लागत रुपमा वार्षिक जनसंख्या वृद्धिदरको विश्लेषण गर्दा सबैभन्दा बढी रौतहट जिल्लामा १.७७ प्रतिशत र सबैभन्दा कम ०.७४ प्रतिशत पर्सा जिल्लामा रहेको देखिन्छ ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :

### २.३.१ प्रादेशिक क्षमता, सम्भावना

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी ३४.३१ प्रतिशत योगदान रहने अनुमान रहेको छ भने खानी तथा उत्खनन् क्षेत्रको सबैभन्दा कम ०.१८ प्रतिशत योगदान रहने अनुमान रहेको छ । भौगोलिक हिसावले समतल भू-भागमा अवस्थित रहेको मधेश प्रदेश आर्थिक क्रियाकलापका दृष्टिले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावित प्रदेशको रुपमा रहेको छ । समष्टीगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका सम्भावनाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- कृषियोग्य भूमिको प्रचुरता, यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मक सहजता तथा वैदेशिक व्यापारको लागि प्रस्थान विन्दु समेत भएको कारणले मधेश प्रदेशमा कृषिका अतिरिक्त औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।
- यो प्रदेश भारतीय सीमासँग जोडिएकाले उत्पादनशील उद्योग तथा कलकारखानाहरू स्थापना गरी उत्पादित वस्तु भारततर्फ निकासी गर्न समेत तुलनात्मक रुपले निकै सहज रहेको छ, ।
- मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण धेरै संख्यामा भारतीय पर्यटकहरूको आवागमन हुने गर्दछ । प्रसिद्ध जानकी मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ,
- पोखरा पछि धेरै ताल तथा पोखरीहरू रहेको जनकपुरधाम जस्ता शहर मधेश प्रदेशमा रहेकाले यहाँस्थित पोखरीहरूको सरसफाई तथा सडक पूर्वाधार सुधार र गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी जल मनोरञ्जन जस्ता क्रियाकलापमा वृद्धि गर्न सके यहाँ आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ, ।
- सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्मित भरत ताल मुलुककै ठूलो मानव निर्मित जलाशय रहेको र यो ताल ठूला जलाशय नभएको भारतीय राज्य बिहार नजिकै रहेकाले यहाँ भारतीय नागरिकहरू समेत आकर्षण गरी पर्यटन विकास तथा आर्थिक गतिविधि बढाउनुका साथै भारतीय मुद्रा आर्जनको राम्रो स्रोत बन्न सक्ने सम्भावना रहेको छ, ।
- मधेश प्रदेशको राजधानी जनकपुरलाई गण्डकी प्रदेशको राजधानी पोखरासँग सीधा हवाईमार्गले जोडिएकाले त्यहाँ आउने पर्यटकहरूलाई यहाँ आकर्षित गरी पर्यटन क्षेत्रको लाभ लिन सकिने सम्भावना रहेको छ,
- मधेश प्रदेशलाई जयनगर, जनकपुर कुर्था रेलवे सेवाले भारतीय सीमासँग जोडेकोले यहाँ उत्पादित सामानहरू भारततर्फ निकासी गर्नुका साथै भारतीय पर्यटकहरूलाई आवागमनमा सुविधा भएकोले सोबाट लाभ लिन सकिने सम्भावना रहेको देखिन्छ ।
- यो प्रदेशमा मुलुकको कुल जनसंख्याको करिब २०.९९ प्रतिशत जनसङ्ख्या वसोवास गर्ने भएकोले औद्योगिक उत्पादन र खपतका लागि ठूलो अवसर हुनका साथै श्रमशक्ति तथा श्रमबजारको समेत लाभ रहेको छ ।
- मुलुककै ठूलो जलाशय रहेको सप्तकोशी नदी प्रदेशको सीमा हुँदै बगेकोले नदीमा जल मनोरञ्जन गर्ने पर्यटकको लागि उपयुक्त रहेकोले त्यहाँबाट पनि पर्यटन प्रवर्द्धनको सम्भावना रहेको छ ।

- प्रदेशको नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालयको स्थापना भएकोले सो अवलोकन गर्ने पर्यटकलाई आकर्षित गर्न सकिनुका साथै प्रशस्त माछा पालन हुने यस प्रदेशमा मत्स्य पर्यटनसँग सम्बन्धित क्रियाकलाप समेत वृद्धि गर्न सकिने देखिएको हुँदा सो को प्रवर्द्धन र विकासका लागि स्तरीय होटल तथा लज सञ्चालन हुन सकेमा रोजगारी श्रृजना हुनका साथै पर्यटकीय गतिविधि विकास गर्न सक्ने सम्भावना देखिन्छ ।

### २.३.२ प्रादेशिक चुनौती

- शहरी क्षेत्रका सडकमा जतातत‌ै थुप्रने फोहोर तथा निर्माण सम्पन्न हुन नसकेका सडकबाट उत्सर्जन हुने धुलोको कारण देखिएको वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नु ।
- शैक्षिक गुणस्तरमा सुधार गरी मधेश प्रदेशमा अवस्थित जनकपुर र वीरगंज जस्ता ठूला र व्यापारिक शहरलाई शैक्षिक हवको रुपमा विकास गर्न ।
- धेरै अगाडिदेखि माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर जस्ता मत्स्य विकास केन्द्रहरू तथा मधेश प्रदेशको अन्य स्थानहरूको माछा उत्पादन क्षमता अभिवृद्धि गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्नु ।
- भौगोलिक दृष्टिले सुगम रहेको मधेश प्रदेशको तुलनात्मक लाभ लिँदै ओद्योगिक विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशबाट औद्योगिक क्षेत्रमा योगदान वृद्धि गन ।
- परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु, उत्पादनमूलक उद्योग धन्दा तथा कलकारखाना स्थापना गरी उत्पादन बढाउनुका साथै रोजगारी श्रृजना गर्नु ।
- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु ।
- कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु ।
- वैदेशिक रोजगारीको लागि विदेशमा रहेका युवाहरूले पठाएको विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु ।
- पर्सा जन्य जन्तु आरक्ष, नजिकै रहेको कोशी टप्पु वन्य जन्तु आरक्ष, सिन्धुलीको युद्ध संग्रहालय, भरत ताल, प्रदेशमा रहेका धार्मिक तथा साँस्कृतिक क्षेत्रको फाईदा लिँदै प्रचुर सम्भावना बोकेको यहाँको पर्यटन क्षेत्रको विकास गर्नु ।
- वर्षेनी श्रम बजारमा प्रवेश गर्ने यहाँका जनशक्तिलाई उचित रोजगारीको अवसर उपलब्ध गराउनुका साथै उत्पादनमुलक काममा लगाउनु र
- श्रम बजारमा व्याप्त श्रमको अल्प उपयोगलाई सकेसम्म बढी उपयोग हुने वातावरण तयार गर्नुका साथै पूर्वाधार विकास निर्माणका कार्यलाई तीव्रता दिनु, मुलुकको सबै क्षेत्रमा पुग्न सहज यातायात सञ्जालको लाभ लिँदै आर्थिक क्रियाकलापमा वृद्धि गरी प्रदेशलाई आर्थिक रुपले समृद्ध बनाउनु ।

# परिच्छेदः ३
# कृषि क्षेत्र

## ३.१ प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०७८/७९ को अर्ध वार्षिक अवधिमा मधेश प्रदेशमा प्रमुख कृषि बालीहरू अन्तर्गत् खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रफल १.२५ प्रतिशतले वृद्धि भई ९ लाख १६ हजार २ सय ८० हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त भू-क्षेत्रफलमा ०.७२ प्रतिशतले ह्रास भई ९ लाख ४ हजार ९ सय ८० हेक्टर रहेको थियो।

### ३.१.१ खाद्य तथा अन्य बाली

समिक्षा अवधिमा समग्र खाद्य तथा अन्य बाली अन्तर्गत धान, मकै, गहुँ, जौ, कोदो, फापर, आलु, उखु, भटमास, सुर्ती, सनपाट, दलहन, तेलहन आदि बालीले ढाकेको भू-भागमा ०.१० प्रतिशतले वृद्धि भई ८ लाख ३६ हजार ६ सय ४५ हेक्टर पुगेको छ। सो अवधिमा धानले ढाकेको क्षेत्रफलमा ०.२२ प्रतिशत ह्रास भई ३ लाख ८१ हजार ४ सय १७ हेक्टर, आलुले ढाकेको क्षेत्रफलमा ०.१९ प्रतिशत वृद्धि भई ५२ हजार १० हेक्टर, सुर्तीले ढाकेको क्षेत्रफलमा ०.७६ प्रतिशत वृद्धि भई ४०० हेक्टर पुगेको छ भने मकैले ढाकेको क्षेत्रफलमा ५.२३ प्रतिशत, कोदोले ढाकेको क्षेत्रफलमा ०.०५ प्रतिशत, उखु खेतीले ढाकेको क्षेत्रफलमा ३.१६ प्रतिशत र दलहन तथा तेलहनले ढाकेको क्षेत्रफलमा क्रमशः ०.४० प्रतिशत र २.५९ प्रतिशतले ह्रास आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा समग्र खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रफलमा १.०१ प्रतिशतले ह्रास आएको थियो। समिक्षा अवधिमा सप्तरी, सिराहा, धनुषा, सर्लाही र पर्सा जिल्लामा धान बालीले ढाकेको भू-क्षेत्रमा क्रमशः १.७५ प्रतिशत, १.०८ प्रतिशत, ३.५७ प्रतिशत, २.८६ प्रतिशत र १०.६५ प्रतिशतले वृद्धि भएको छ भने रौतहट र बारामा क्रमशः १.०३ प्रतिशत र ०.०८ प्रतिशतले ह्रास आएको देखिन्छ।

समिक्षा अवधिमा मधेश प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रलाई चार्ट नं. ३.१ मा प्रस्तुत गरिएको छ।

चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)




*(स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू)*

### ३.१.२ तरकारी तथा बागवानी

समिक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ०.८५ प्रतिशतले वृद्धि भई ५९ हजार ३ सय ५ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १.६९ प्रतिशतले वृद्धि भई ५८ हजार ८ शय ५ हेकटर पुगेको थियो। समिक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रको वृद्धि आउनुमा कोभिड-१९ महामारीको प्रभावमा कमी आई उत्पादित तरकारीले समयमै बजार पाउनुका साथै समग्र खेतीपाती वृद्धि हुनु हो । तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफलमा महोत्तरी जिल्लामा सबभन्दा बढी १३ हजार २२ हेक्टर अर्थात् कुल मधेश प्रदेशको २२ प्रतिशत र पर्सा जिल्लामा सबभन्दा कम २ हजार २ शय ५० हेक्टर अर्थात् कुल मधेश प्रदेशको ३.७९ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ।

तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा)

| क्र.सं. | जिल्ला | आ.व. २०७७/७८ पुष मसान्त सम्म | आ.व. २०७८/७९ पुष मसान्त | (हिस्सा प्रतिशत) आ.व.२०७८/७९ पुष मसान्त |
|---|---|---|---|---|
| १ | सप्तरी | ९,९०० | १०,५०० | १७.७१ |
| २ | सिराहा | ७,५६५ | ७,५६५ | १२.७६ |
| ३ | धनुषा | ३,५०० | ३,५०० | ५.९० |
| ४ | महोत्तरी | १३,००० | १३,०५० | २२.०० |
| ५ | सर्लाही | ११,०९० | ११,१०० | १८.७२ |
| ६ | रौतहट | ५,२२५ | ५,००० | ८.४३ |
| ७ | बारा | ६,३२५ | ६,३४० | १०.६९ |
| ८ | पर्सा | २,२०० | २,२५० | ३.७९ |
| | जम्मा | ५८,८०५ | ५९,३०५ | १०० |

*(स्रोत: सम्बन्धित जिल्लाका, कृषि ज्ञान केन्द्र)*

### ३.१.३ फलफूल तथा मसला

समिक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफलमा १.७९ प्रतिशतले वृद्धि भई ४७ हजार ८ सय ४६ हेक्टर पुगेको छ। फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल मध्ये आँपले ढाकेको क्षेत्रफलमा २.१८ प्रतिशत, केराखेतीले ढाकेको क्षेत्रफलमा ३.१६ प्रतिशत र अन्य फलफूलले ढाकेको क्षेत्रफलमा ३.३४ प्रतिशतले वृद्धि भएको देखिन्छ भने मसला (अदुवा, बेसार आदि) ले ढाकेको क्षेत्रफलमा ०.४१ प्रतिशतले ह्रास आएको देखिन्छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको भू-क्षेत्रफलमा १.२९ प्रतिशतले वृद्धि भई ४७ हजार ६ हेक्टर पुगेको थियो।

## ३.२ कृषि उत्पादन

समिक्षा अवधिमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ५.०४ प्रतिशतले ह्रास आई ३० लाख ८४ हजार ९ सय १३ मे.टन पुगेको देखिन्छ। खाद्य बाली अन्तर्गत कुल खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भए तापनि सिँचाई सुविधामा उल्लेखनीय वृद्धि नहुनु, मलखाद र बीउ बिजनको सहज उपलब्धता नहुनु र बेमौसमी

वर्षात् तथा बाढीको कारण खाद्य तथा बालीहरूको उत्पादनमा ह्रास आएको हो भने समग्र कृषि बालीहरूको उत्पादनमा ह्रास आउनुमा पर्सा जिल्लामा अवस्थित श्रीराम सुगर मिल्स बन्द हुन गएकोले त्यस क्षेत्रमा उल्लेखनिय रुपमा उखु खेती गर्ने किसानहरू घटेकोले उत्पादन घट्नु तथा उखु किसानहरूले समयमै उखुको मुल्य नपाएकोले थप बाली लगाउन प्रोत्साहित नहुँदा समग्रमा उखुको उत्पादन घट्नु आदि प्रमुख कारणहरू रहेको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीको कुल उत्पादनमा ३.६० प्रतिशतले वृद्धि भएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समिक्षा अवधिमा समयमै वर्षा भएको र सिँचाईको सुविधाले तेलहनको उत्पादन १०.८३ प्रतिशतले र आलुको उत्पादन ०.७ प्रतिशतले वृद्धि भएको छ भने धानको उत्पादन ३.२४ प्रतिशत, उखुको उत्पादन ९.०१ प्रतिशतले ह्रास आएको छ । धान बाली पाकेर भित्र्याउने समयमा परेको झरीले पाकेको धानबाली नाश भएको कारणले धान बालीको उत्पादनमा ह्रास आएको हो भने विगत वर्षदेखि श्रीराम सुगर मिल बन्द हुन गई पर्सा जिल्लामा उखु उत्पादन नभएकोले समग्र उखुको उत्पादनमा ह्रास आएको हो ।

गत आर्थिक वर्षको सोही अवधिमा धानको उत्पादनमा ११.१४ प्रतिशत, कोदोको उत्पादनमा ०.७१ प्रतिशत तथा दलहनको उत्पादनमा ३.०१ प्रतिशतले ह्रास आएको भए पनि आलु, उखु, सनपाट तथा तेलहन उत्पादनमा क्रमशः २३.९२ प्रतिशत, १.९७ प्रतिशत, १२.१० प्रतिशत र २६.०८ प्रतिशतले वृद्धि भएको थियो । मधेश प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन सम्बन्धी विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा)

| | | आ.व. २०७८/७९ पुष मसान्त | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | खाद्य तथा अन्य बाली | हिस्सा % | तरकारी तथा बागबानी | हिस्सा % | फलफूल तथा मसला | हिस्सा % |
| १ | सप्तरी | २,१५,६८७ | ७.२९ | १,१९,२५० | १४.५० | ५४,१८८ | ३०.२६ |
| २ | सिराहा | ३,७८,७५२ | १२.८० | ८७,६७८ | १०.६६ | ७,९६० | ४.४४ |
| ३ | धनुषा | ३,७२,५७६ | १२.५९ | ९२,९४३ | ११.३० | १३,०५८ | ७.२९ |
| ४ | महोत्तरी | ३,०३,८१६ | १०.२७ | १,२८,५१५ | १५.६२ | ८,१०९ | ४.५३ |
| ५ | सर्लाही | ४,०८,१११ | १३.७९ | १,३३,३१२ | १६.२१ | ५,७९३ | ३.२३ |
| ६ | रौतहट | ६,०९,७२१ | २०.६० | ६१,८१३ | ७.५१ | ८९,३८० | ४९.९१ |
| ७ | बारा | ४,२३,८१४ | १४.३२ | १,५९,०८८ | १९.३४ | - | - |
| ८ | पर्सा | २,४७,१७२ | ८.३५ | ४०,००० | ४.८६ | ६०० | ०.३४ |
| | **जम्मा** | **२९,५९,६५०** | **१००** | **८,२२,५९९** | **१००** | **१,७९,०८८** | **१००.००** |

*(स्रोतः सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )*

### ३.२.२ तरकारी तथा बागवानी

मधेश प्रदेशमा समिक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादन ०.७५ प्रतिशतले वृद्धि भई ८ लाख २२ हजार ५ सय ९९ मे. टन पुगेको छ । उत्पादित तरकारी मध्ये सबैभन्दा बढी बारा जिल्लामा १ लाख ५९ हजार ८८ मे. टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको १९.३४ प्रतिशत उत्पादन भएको

छ भने पर्सा जिल्लामा सबैभन्दा कम ४० हजार मे.टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ४.८६ प्रतिशत उत्पादन भएको छ । गत वर्ष सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन २.२४ प्रतिशतले वृद्धि भएको थियो । यस सम्बन्धी विवरण तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.२ :मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा)

| क.सं. | जिल्ला | आ.व. २०७७/७८ पुष मसान्त | आ.व. २०७८/७९ पुष मसान्त | हिस्सा (प्रतिशत) आ.व. २०७८/७९ पुष मसान्त |
|---|---|---|---|---|
| १ | सप्तरी | १,१२,५९० | १,१९,२५० | १४.५० |
| २ | सिराहा | ८७,६७८ | ८७,६७८ | १०.६६ |
| ३ | धनुषा | ९२,९४३ | ९२,९४३ | ११.३० |
| ४ | महोत्तरी | १,२८,५१५ | १,२८,५१५ | १५.६२ |
| ५ | सर्लाही | १,३२,४०० | १,३३,३१२ | १६.२१ |
| ६ | रौतहट | ६४,५९१ | ६१,८१३ | ७.५१ |
| ७ | बारा | १,५९,०८८ | १,५९,०८८ | १९.३४ |
| ८ | पर्सा | ३८,७०० | ४०,००० | ४.८६ |
| | जम्मा | ८,१६,५०५ | ८,२२,५९९ | १०० |

*(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )*

### ३.२.३ फलफूल तथा मसला

समिक्षा अवधिमा फलफूल तथा मसलाको उत्पादनमा २.०५ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादनमा २.३० प्रतिशतले ह्रास आएको थियो । समिक्षा अवधिमा फलफूलको उत्पादन मध्ये मसला उत्पादनमा १.८६ प्रतिशतले ह्रास आएको छ भने आँप, केरा तथा अन्य फलफूलको उत्पादनमा क्रमशः १.२२ प्रतिशत, ५.५४ प्रतिशत र ०.६० प्रतिशतले वृद्धि भएको छ । समिक्षा अवधिमा आँप, केरा तथा अन्य फलफूलको उत्पादनमा वृद्धि हुनुमा विगत केही वर्ष अघिदेखि फलफूल खेती तर्फ किसानहरूको आकर्षण बढ्दै गएकोले खेती गरिएको जग्गाको क्षेत्रफलमा वृद्धि हुनु हो ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छीजन्य उत्पादन :

समिक्षा अवधिमा मधेश प्रदेशमा दूधको उत्पादन ०.४५ प्रतिशतले वृद्धि भई २ लाख ६८ हजार ३ सय ३८ लिटर, मासुको उत्पादन ३.१४ प्रतिशत वृद्धि भई ४७ हजार ६ सय ६२ मे.टन, अण्डाको उत्पादन ५.५९ प्रतिशतले वृद्धि भई ५ करोड ३९ लाख ५७ हजार, छालाको उत्पादनमा १२.४४ प्रतिशतले वृद्धि भई ९३ लाख ६२ हजार वर्ग मिटर र ऊन उत्पादनमा ८०.१७ प्रतिशतले वृद्धि भई २ हजार ७ सय ५३ के.जी. पुगेको छ । यसरी उनको उत्पादनमा उल्लेखनीय रुपमा वृद्धि हुनुमा सप्तरी जिल्लामा अघिल्लो अवधिमा उन उत्पादन हुँदै नभएकोमा समिक्षा अवधिमा उत्पादन भएको कारण हो । गत अवधिमा छालाको उत्पादनमा १.९३ प्रतिशतले ह्रास आएकोमा दूधको उत्पादनमा १.२४ प्रतिशतले, मासुको उत्पादन २.०३ प्रतिशत र अण्डाको उत्पादन ०.५५ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा कुल दूध उत्पादन मध्ये सिराहा जिल्लाको हिस्सा सबैभन्दा बढी २३.५७ प्रतिशत रहेको छ भने रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम ३.१२ प्रतिशत रहेको छ । पशुपन्छीजन्य उत्पादन सम्बन्धी विवरण तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.३ : मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन

| जिल्ला | दूध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७७/७८ पुष मसान्त | आ.व. २०७८/७९ पुष मसान्त | आ.व. २०७७/७८ पुष मसान्त | आ.व. २०७८/७९ पुष मसान्त | आ.व. २०७७/७८ पुष मसान्त | आ.व. २०७८/७९ पुष मसान्त |
| सप्तरी | २४,१८८ | २०,३१८ | ५,५१९ | ५,६०१ | १७,३५२ | १७,४७४ |
| सिराहा | ६१,२३५ | ६३,२४५ | ६,४२१ | ६,७३० | ४,०३८ | ४,१९५ |
| धनुषा | २०,५२३ | २०,५३४ | २,०१४ | १,९३३ | १,०६४ | १,०६५ |
| महोत्तरी | २०,७२७ | २०,९४८ | ८,४१८ | ८,८९९ | ५,०३५ | ५,७४१ |
| सर्लाही | ३९,९४० | ४०,१४५ | ८,७९७ | ८,८८२ | ४,१२९ | ४,१८१ |
| रौतहट | ८,८०० | ८,३६४ | १,६८९ | १,५८९ | ४,३०४ | ४,४४५ |
| बारा | ३५,५२७ | ३८,५९६ | ६,२५४ | ६,६१४ | ८,४७० | ९,६५७ |
| पर्सा | ५६,१८८ | ५६,१८८ | ७,१९८ | ७,५१४ | ६,७०७ | ७,२०० |
| जम्मा | २,६७,१२८ | २,६८,३३८ | ४६,३१० | ४७,७६२ | ५१,०९९ | ५३,९५७ |

*(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र)*

**३.३.२ माछा उत्पादन :**

समिक्षा अवधिमा मधेश प्रदेशमा माछाको उत्पादन ५.४८ प्रतिशतले वृद्धि भई २० हजार ४ सय ९७ मे. टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १.४८ प्रतिशतले ह्रास आई १९ हजार ४ सय ३१ मे. टन रहेको थियो । समिक्षा अवधिमा सबैभन्दा बढी माछा उत्पादन बारा जिल्लामा भएको देखिन्छ जहाँ मधेश प्रदेशको कुल माछा उत्पादनको २१.१५ प्रतिशत तथा सबैभन्दा कम पर्सा जिल्लामा मधेश प्रदेशको कुल माछा उत्पादनको ६.९३ प्रतिशत रहेको छ । माछा उत्पादन सम्बन्धी विवरण तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.४ : मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा)

| क्र.सं. | जिल्ला | आ.व. २०७७/७८ पुस मसान्त | आ.व. २०७८/७९ पुस मसान्त |
|---|---|---|---|
| १ | सप्तरी | १,६१० | १,६०० |
| २ | सिराहा | २,१९९ | २,२५६ |
| ३ | धनुषा | ३,४९५ | ३,४९७ |
| ४ | महोत्तरी | २,२४७ | २,२६० |
| ५ | सर्लाही | २,५७१ | २,५८९ |
| ६ | रौतहट | २,३५५ | २,५४० |
| ७ | बारा | ३,६३५ | ४,३३४ |
| ८ | पर्सा | १,३१९ | १,४२० |
| | जम्मा | **१९,४३१** | **२०,४९७** |

*(स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र)*

**३.३.३ वनजन्य उत्पादन :**


समिक्षा अवधिमा मधेश प्रदेशमा दाउरा उत्पादनमा ३३.८१ प्रतिशतले ह्रास आएको छ भने काठको उत्पादनमा १८.४६ प्रतिशतले वृद्धि भएको छ । समिक्षा अवधिमा काठको उत्पादनमा वृद्धि हुनुमा पूर्व पश्चिम राजमार्ग विस्तारको क्रममा सडक किनारमा काटिएका विभिन्न जातका रुखका काठ बजारमा बिक्री वितरण गरिएको कारण हो ।

## ३.४ सिँचाई तथा मौसम

समिक्षा अवधिमा मधेश प्रदेशको कुल सिञ्चित क्षेत्रफल १.३५ प्रतिशतले वृद्धि भई २ लाख ९४ हजार ५ सय ९९ हेक्टर पुगेको छ । कुल सिञ्चित क्षेत्रफल मध्ये कुलोद्वारा सिञ्चित क्षेत्रफलमा २.९६ प्रतिशतले वृद्धि भई ७५ हजार ५ सय ९० हेक्टर, नहरद्वारा सिञ्चित क्षेत्रफलमा ०.९३ प्रतिशतले वृद्धि भई १ लाख ६५ हजार ५ सय १७ हेक्टर र बोरिङद्वारा सिञ्चित क्षेत्रफलमा ०.५२ प्रतिशतले वृद्धि भई ४६ हजार ३० हेक्टर पुगेको छ ।

गत वर्षको सोही अवधिमा समग्र सिञ्चित क्षेत्रफल ०.१९ प्रतिशतले वृद्धि भएको थियो । सो अवधिमा कुलोद्वारा सिंचित क्षेत्रफलमा ०.२२ प्रतिशतले, नहरद्वारा सिंचित क्षेत्रफलमा ०.१० प्रतिशतले पोखरीद्वारा सिंचित क्षेत्रफलमा ०.६८ प्रतिशतले र बोरिङद्वारा सिंचित क्षेत्रफलमा ०.४५ प्रतिशतले वृद्धि भएको थियो भने अन्य स्रोतद्वारा सिंचित क्षेत्रफलमा ४१.४६ प्रतिशतले कमी आएको थियो । मधेश प्रदेशमा सिञ्चित भूमिको क्षेत्रफल सम्बन्धी विवरण चार्ट ३.२ मा प्रस्तुत गरिएको छ ।

चार्ट ३.२: सिंचित भूमिको क्षेत्रफल (हेक्टरमा)




*(स्रोत: जिल्ला स्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय)*

## ३.५. क्षेत्रगत कृषि कर्जा

समिक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा ४३.५३ प्रतिशतले वृद्धि भई रु.५० अर्ब १ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.३४ अर्ब ८४ करोड रहेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जा मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ११.७८ प्रतिशत रहेको छ । मधेश प्देशमा प्रवाहित कुल कृषि कर्जा मध्ये सबै भन्दा बढी कर्जा प्रवाह पर्सा जिल्लामा १७.७० प्रतिशत रहेको छ भने सबै भन्दा कम कर्जा प्रवाह सप्तरी जिल्लामा ७.३५ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण तालिका नं. ३.५ मा प्रस्तुत गरएको छ ।

तालिका ३.५ : मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा)

| क.सं. | जिल्ला | कृषि कर्जा (रु करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | ३,६८ | ७.३५ |
| २ | सिराहा | ६,८७ | १३.७४ |
| ३ | धनुषा | ६,७३ | १३.४६ |
| ४ | महोत्तरी | ४,७० | ९.३९ |
| ५ | सर्लाही | ८,१५ | १६.३ |
| ६ | रौतहट | ५,१० | १०.१९ |
| ७ | बारा | ५,९३ | ११.८६ |
| ८ | पर्सा | ८,८५ | १७.७० |
| | **जम्मा** | **५०,०१** | **१००** |

*(स्रोत:नेपाल राष्ट्र बैंक)*

### ३.६ सहुलियतपूर्ण कर्जा

समिक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा रु.४४ अर्ब ६८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.८ अर्ब ५७ करोड रहेको थियो । समिक्षा अवधिमा सहुलियतपूर्ण कर्जा प्रवाहमा ठूलो वृद्धि आउनुमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले सो कर्जा प्रवाह गर्दा धितोमा आधारित भई अन्य कर्जा सरह सहुलियतपूर्ण कर्जा प्रवाह हुनु प्रमुख कारण देखिन्छ। प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी रु.२६ अर्ब ११ करोड अर्थात् ५८.४४ प्रतिशत धनुषा जिल्लामा र सबैभन्दा कम रु.९७ करोड अर्थात् २.१७ प्रतिशत सप्तरी जिल्लामा रहेको छ । मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा सम्बन्धी विवरण तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ।

तालिका ३.६ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा)

| क.सं. | जिल्ला | सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | पर्सा | २,५० | ५.५९ |
| २ | बारा | २,५३ | ५.६५ |
| ३ | रौतहट | १,४४ | ३.२२ |
| ४ | सर्लाही | ३,६० | ८.०५ |
| ५ | महोत्तरी | १,८४ | ४.१२ |
| ६ | धनुषा | २६११ | ५८.४४ |
| ७ | सिराहा | ५७१ | १२.७७ |
| ८ | सप्तरी | ९७ | २.१७ |
| | **जम्मा** | **४४,७०** | **१००.००** |

*(स्रोत : नेपाल राष्ट्र बैंक)*

### ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

#### ३.७.१ चुनौती

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि यहाँको कृषि क्षेत्रमा देहाय बमोजिम चुनौतीहरू रहेका छन् :

- कृषि क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण गरी कृषि पेशालाई सामाजिक रुपमा प्रतिष्ठित र प्रतिस्पर्धी बनाउनु ।
- कृषि पेशालाई सम्मानित बनाई युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजी सहित यो क्षेत्रमा आकर्षित गर्नु र आर्थिक आत्मनिर्भरता बढाउनु ।
- कृषि योग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व बढाउन निर्माणाधीन सिँचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्नु ।
- प्रदेशमा रहेका लाखौं हेक्टर खेतीयोग्य जमिनमा माटोको उर्वराशक्ति बढाउन सामूहिक खेतीमा जोड दिई कृषि उत्पादकत्व वृद्धि गर्नु ।
- समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु ।
- कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।
- तरकारी तथा खाद्यबालीमा आत्मनिर्भर बन्न बाँझो रहेका जमिन उपयोगमा ल्याई उत्पादन अभिवृद्धि गरी कृषिबाट जनताको जीवनस्तर उकास्नु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अनुसार मधेश प्रदेशका धनुषा तथा बारा जिल्ला माछापालनका लागि सुपर जोनको रुपमा रहेकोमा यी क्षेत्रहरूमा दीगो कार्यक्रमहरू ल्याई उत्पादनशीलता बढाई कायम राख्न र बजार विस्तारका लागि अध्ययन अनुसन्धान तथा थप कार्यहरू गर्नको साथै सहुलियतहरू उपलब्ध गराउनु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्लाहरू धानको जोन क्षेत्रको रुपमा स्थापना भएकोमा सो अनुरुप उत्पादन तथा उत्पादकत्व बढाई दीगोपना कायम राख्नु ।
- रौतहट जिल्ला धानको बिउ जोनको रुपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएपनि भारतबाट कमसल प्रकारका बीउको अनधिकृत आयात कायमै रहेकोले भारतबाट आयात हुने बिउलाई निरुत्साहन गर्दै बिउबिजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका महोत्तरी, रौतहट र पर्सा जिल्लाहरू तरकारी जोनको रुपमा आर्थिक वर्ष २०७३/७४ मा नै स्थापित भइसकेको भए पनि जनकपुर लगायत ठूला बजार क्षेत्रमा भारतबाट आयातित तरकारीहरूकै दवदवा रहेकाले कार्यक्रम बमोजिम तरकारी खेती गरी तरकारीमा आत्मनिर्भर हुनु ।
- तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूको लागि एकीकृत रुपमा सघन कृषि कार्यक्रमहरू सञ्चालन गरी कृषिको व्यावसायिकरण मार्फत औद्योगीकरणको आधार खडा गर्नु ।

### ३.७.२ सम्भावना

मधेश प्रदेशको कृषि क्षेत्रमा माथि उल्लेख भए बमोजिम चुनौतीहरू हुँदा हुँदै पनि देहाय बमोजिम अवसरहरू पनि रहेका छन् :

- मधेश प्रदेशमा सबभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपत बजारको पनि उच्च सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा समतल भू-भागको साथै उर्वर भूमिको प्रचुरता रहेकोले सिञ्चित भूमिको क्षेत्रफल विस्तारमार्फत् खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेश समतल भूमिमा रहेकाले सतह र भूमिगत जलस्रोत प्रयोग गर्न सकिने देखिएकोले सिँचाईको विकास र विस्तार गरी खाद्य बाली, माछापालन तथा फलफूलका नयाँ नयाँ जातहरूको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा धेरै रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी यी जग्गाहरू कृषि उत्पादनमा प्रयोग गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ ।
- मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरूको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधि सम्बन्धी ज्ञान सहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेती समेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दुधजन्य पदार्थको उत्पादन बढाई राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना रहेको छ ।
- माछापालनमा मुलुककै प्रमुख १० वटा जिल्लाहरू मध्ये मधेश प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना देखिन्छ ।
- गएको आर्थिक वर्षमा देशको सात प्रदेशहरू मध्ये मधेश प्रदेशमा सबभन्दा बढी खाद्य तथा अन्नबाली उत्पादन भएको देखिएकाले सिँचाईको सुविधा वृद्धि, उन्नत जातको बिउ मल तथा आधुनिक प्रविधि प्रयोग गरेमा यहाँ उत्पादित खाद्य तथा अन्न बालीले मुलुकलाई आत्मनिर्भर बनाउन सक्ने सम्भावना देखिन्छ ।

# परिच्छेद : ४

# उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

समिक्षा अवधिमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ४९.९२ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा औसत क्षमता उपयोग ४४.८५ प्रतिशत रहेको थियो । समिक्षा अवधिमा उद्योगहरूको औसत क्षमता उपयोगमा वृद्धि आउनुमा कोभिड-१९ संक्रमणमा कमी आई उद्योगहरू सञ्चालनमा आउनु तथा उपभोक्ताको माग बढ्नुका साथै कच्चा पदार्थको आपूर्तीमा सहजता भएको कारण देखिन्छ । समिक्षा अवधिमा मदिरा उद्योगले सबैभन्दा बढी ९३.९३ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पती घिउ उद्योगको क्षमता उपयोग सबैभन्दा कम ५.९३ प्रतिशत रहेको देखिन्छ । वनस्पति घिउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनहरूमा वनस्पति घिउको गार्हस्थ तथा औद्योगिक प्रयोग कम हुँदै जानु र यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेलको प्रयोग बढ्दै गएकाले यसको बजार माग घट्दै जाँदा उत्पादन कार्य पनि विस्तारै घट्दै जानु प्रमुख कारणहरू रहेको देखिन्छ ।

समिक्षा अवधिमा फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ८९.७० प्रतिशत, हल्का पेय पदार्थ उद्योगको क्षमता उपयोग ८५.४८ प्रतिशत, गहुँको पिठो उद्योगको क्षमता उपयोग ८३.२४ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग ७३.९६ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ७२.६० प्रतिशत, आल्मुनियम उत्पादन उद्योगको क्षमता उपयोग ७१.१७ प्रतिशत, Chemical Liquid पदार्थ उद्योगको क्षमता उपयोग ६५.९२ प्रतिशत, सिमेण्ट उद्योगको क्षमता उपयोग ६०.७९ प्रतिशत, घरेलु धातुका सामान उद्योगको क्षमता उपयोग ५९.६३ प्रतिशत रहेको छ भने लत्ता कपडा अन्तर्गतको सिन्थेटिक कपडा, अन्न तथा पशु दाना अन्तर्गत पशुदाना, स्टिलजन्य उत्पादन, चामल, धागो, चुरोट, तोरीको तेल, चिनी, प्रशोधित छाला, कागज ( अखबारी कागज बाहेक), ईटा, ड्राई सिरप र वनस्पती घिउ उद्योगको क्षमता उपयोग क्रमशः ५२.९१ प्रतिशत, ५२.६३ प्रतिशत, ५०.८० प्रतिशत, ४७.४५ प्रतिशत, ४५.१७ प्रतिशत, ४३.५९ प्रतिशत, ३७.५६ प्रतिशत, २१.७३ प्रतिशत, २०.०८ प्रतिशत, ८.५४ प्रतिशत, १० प्रतिशत, ७.१३ प्रतिशत र ५.९३ प्रतिशत रहेको छ ।

गत वर्षको सोही अवधिमा मधेश प्रदेशका प्रमुख उद्योगहरूमा सिमेन्ट उद्योगको क्षमता उपयोग ९८.३० प्रतिशत, फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ८०.१५ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ७८.१९ प्रतिशत, वनस्पति घिउ तथा तेल उद्योगको क्षमता उपयोग ६८.१३ प्रतिशत, अन्न तथा पशुदाना उद्योगको क्षमता उपयोग ६५.९० प्रतिशत, चुरोट उद्योगको क्षमता उपयोग ४३.५२ प्रतिशत रहेको थियो भने प्रशोधित छाला, चिनी, ईट्टा, कागज र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः ३१.२० प्रतिशत, १९.०७ प्रतिशत, १०.०० प्रतिशत, ५.७१ प्रतिशत र १.६० प्रतिशत रहेको थियो । समिक्षा वर्षमा अध्ययनले समेटेका यस प्रदेशभित्र सञ्चालित उद्योगहरूले ६ हजार ३ सय ६१ जना नेपाली र ४ सय ४५ जना विदेशी नागरिकहरूलाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छन् ।

## ४.२ समग्र औद्योगिक कर्जा स्थिति

समिक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा २०.४३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १२ अर्ब ३४ करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.९३ अर्ब २८ करोड रहेको थियो । समिक्षा अवधिमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा मध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ६१.४५ प्रतिशत र सबै भन्दा कम सप्तरी जिल्लामा २.५३ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सब भन्दा धेरै उद्योगहरू पर्सा जिल्लामा रहेको र कोभिड- १९ को महामारी सामान्य हुँदै गए पछि उद्योगहरूका सञ्चालन क्षमता उपयोग बढ्दै औद्योगिक गतिविधि र उत्पादन

बढ्दै गएकाले पर्सा जिल्लामा सबभन्दा बढी औद्योगिक कर्जा प्रवाह भएको देखिन्छ । यस सम्बन्धी विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१ : जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)

| क्र.सं. | जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | सप्तरी | २,८४ | २.५३ |
| २ | सिराहा | ५,८४ | ५.२० |
| ३ | धनुषा | ११,३३ | १०.०९ |
| ४ | महोत्तरी | ६,८१ | ६.०६ |
| ५ | सर्लाही | ६,०० | ५.३४ |
| ६ | रौतहट | ४,७३ | ४.२१ |
| ७ | बारा | ५,७५ | ५.१२ |
| ८ | पर्सा | ६९,०४ | ६१.४५ |
| | **जम्मा** | **१,१२,३४** | **१००** |


*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समिक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा मध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५१.६९ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ २५.६० प्रतिशत, निर्माण उद्योगतर्फ १४.३० प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादन तर्फ ६.९० प्रतिशत, खानी उद्योगतर्फ १.११ प्रतिशत र विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.४० प्रतिशत कर्जा प्रवाह भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा समिक्षा अवधिमा निर्माण तर्फ उद्योग तर्फको कर्जामा ११.३४ प्रतिशत र विद्युत् ग्याँस तथा पानी तर्फको कर्जामा ७.५९ प्रतिशतले ह्रास आएको छ भने धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स उत्पादन तर्फ ५८.२५ प्रतिशत, खानी सम्बन्धी उद्योगमा ११८.९४ प्रतिशत, गैर-खाद्यवस्तु उत्पादनतर्फको कर्जामा २१.२८ प्रतिशतले वृद्धि भएको छ । त्यसै गरी कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी कर्जा प्रवाह गत वर्षको सोही अवधिको तुलनामा समिक्षा अवधिमा ३४.८५ प्रतिशतले वृद्धि भई रु.२८ अर्ब ७५ करोड पुगेको छ । औद्योगिक क्षेत्रमा कर्जा वृद्धि हुनुमा कोभिड-१९ को प्रकोप सामान्य भए पछि बढेको औद्योगिक गतिविधि र उत्पादन वृद्धि तथा बजार माग वृद्धि हो । यस सम्बन्धी विवरण चार्ट नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

चार्ट ४.१ : औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)




*(स्रोत : नेपाल राष्ट्र बैंक )*

## ४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशका सम्पूर्ण भू-भाग समतल भागमा रहेकोले ढुवानी लगायत सबै यातायातको सहजता रहेको छ । साथै दक्षिण तर्फको सीमा भारतसँग जोडिएकाले निकासी बजारको समेत अवसर छ । तसर्थ, यस प्रदेशमा उद्योग स्थापना गरी सञ्चालन गर्न र उत्पादित सामान विदेश निकासी गर्न र देशै भर पुऱ्याउन तुलनात्मक लाभ रहेको देखिन्छ । यस्तो अवस्था हुँदा हुँदै पनि यस प्रदेशमा औद्योगिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिम चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ४.४.१ चुनौती

- मधेश प्रदेशमा रहेका औद्योगिक क्षेत्रमा विद्युत आपूर्ती व्यवस्थामा सुधार ल्याई निरन्तर उर्जा आपूर्ति मार्फत् उद्योग सञ्चालनको वातावरण बनाउनु ।
- बजार, श्रमशक्ति लगायत भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानहरूमा औद्योगिक जोनको विकास गर्नु ।
- हरेक वर्ष ठूलो संख्यामा विदेशीने श्रमिकहरूलाई स्थानीय उद्योगहरूमा आकर्षित गरी उत्पादन सुधार गर्नु तथा लागतमा कमी ल्याउनु ।
- औद्योगिक क्षेत्रमा पटक पटक श्रमिक र व्यवस्थापन बिच देखा पर्ने श्रम सम्वन्धमा सुधार गरी उत्पादकत्व बढाउनु ।
- श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षै भरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु ।
- जमिनको मूल्य अत्यधिक वृद्धि भएका कारण नयाँ उद्योग स्थापना गर्न आवश्यक जमिन उपलब्धताको लागि उचित वातावरण तयार गर्नु ।
- उद्योग सञ्चालनको लागि आवश्यक सीप र क्षमता भएका दक्ष जनशक्तिको आपूर्ति गर्नु ।
- श्रमिक, उर्जा तथा कच्चा पदार्थको कारण बढ्ने औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।
- औद्योगिक उत्पादन लागत कम गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि प्रोत्साहन गर्नु ।

- प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू पचास प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले सो को कारण पत्ता लगाई बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु ।
- उत्पादित वस्तुहरू छिमेकी मुलुकहरूमा निकासी गर्ने वातावरण निर्माण गरी स्थानीय उद्योगहरूको उत्पादन क्षमता बढाउनु ।
- मधेश प्रदेशमा कृषि तथा माछा पालनको राम्रो सम्भावना रहेको भएतापनि यिनीहरूको व्यावसायिक उत्पादन हुन नसकेकोले यसलाई व्यावसायिक बनाउनु ।
- प्रदेशको प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु किसान तथा चिनी उद्योगीहरूको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु ।

**४.४.२ सम्भावना**

- मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय जनताको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने देखिन्छ ।
- मुलुकको सबभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने देखिन्छ ।
- मधेश प्रदेशको सम्पूर्ण दक्षिणी सीमा भारतसँग जोडिएकोले भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी सस्तो हुने कारण कम लागतमा वस्तु उत्पादन हुन सक्ने र सजिलै भारत निकासी गर्न सक्ने सम्भावना देखिन्छ ।
- मधेश प्रदेशमा पूर्व-पश्चिम राजमार्ग लगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरू स्थापना गर्न सके यी उद्योगहरूबाट उत्पादित वस्तुहरू देशभरि नै पुऱ्याउन सक्ने प्रचुर सम्भावना देखिन्छ ।
- मधेश प्रदेशमा उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेको कारण यहाँ उद्योग कलकारखानाहरूको स्थापना गर्न सके वर्षेनी थपिने लाखौं श्रमिकहरूको लागि मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्न सक्ने सम्भावना देखिन्छ ।
- धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा कृषि बालीमा आधारित पिठोजन्य उद्योगहरू स्थापना गर्न सक्ने राम्रो सम्भावना रहेको छ ।

# परिच्छेद : ५
# सेवा क्षेत्र

## ५. सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ । ती मध्ये प्रमुख उप-क्षेत्रहरूको समिक्षा अवधिको स्थिति निम्नानुसार रहेको छ ।

## ५.१ पर्यटन

समिक्षा अवधिमा छनौटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या गत वर्षको सोही अवधिको तुलनामा समिक्षा अवधिमा २४.१७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस क्षेत्रको रोजगारीमा ३०.१३ प्रतिशतले ह्रास आएको थियो । समिक्षा अवधिमा पर्यटक आगमनमा २०३.६० प्रतिशतले वृद्धि भई ७ हजार ९२ जना पुगेको छ । कुल पर्यटक आगमनमा भारतबाट ६ हजार ८ सय ४१ जना र तेश्रो मुलुकबाट २ सय ५१ जना पर्यटक आएको देखिन्छ । गत वर्षको सोही अवधिमा पर्यटक आगमनमा ७४.२२ प्रशितले ह्रास आई २ हजार ३ सय ३६ जना पुगेको थियो । समिक्षा अवधिमा पर्यटक आगमन संख्यामा उल्लेखनीय वृद्धि हुनुमा विगत वर्षहरूमा कोभिड-१९ ले पर्यटक आगमन ठप्प रहेकोमा सो को प्रभाव विस्तारै कम हुँदै गएर पर्यटक आवागमनमा सहजता आई सो क्षेत्रको  गतिविधि बढ्नु हो । पर्यटक आगमनमा वृद्धि भएसँगै होटलहरूको व्यवसाय वृद्धि भएकाले यहाँ कार्यरत कर्मचारीहरूको लागि रोजगारीको अवसर समेत वृद्धि भएको देखिन्छ ।

## ५.२. सार्वजनिक निर्माण तथा रियलस्टेट

समिक्षा अवधिमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा २४.९५ प्रतिशतले वृद्धि भई ८९ हजार ६ सय ६ पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा २०.८३ प्रतिशतले ह्रास आएको थियो । समिक्षा अवधिमा घर जग्गा रजिष्ट्रेशन राजस्वमा १५१.२२ प्रतिशतले वृद्धि भई रु.२ अर्ब २९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो रकम रु.९१ करोड रहेको थियो । समिक्षा अवधिमा नक्शा पास स्वीकृत संख्यामा ९.८९ प्रतिशतले वृद्धि भई २ हजार ४४ रहन गएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या १ हजार ८ सय ६० रहेको थियो ।

कोभिड- १९ संक्रमणको कारण लगाइएको बन्दाबन्दीले गर्दा बन्द रहेका मालपोत कार्यालयहरू बन्दाबन्दी खुले पश्चात जनजीवन सहज भई घरजग्गा रजिष्ट्रेशनको संख्यामा भएको वृद्धि तथा घर जग्गाको सरकारी मुल्यांकन तुलनात्मक रुपमा बढेकोले शहरी क्षेत्रमा सरकारी मुल्यांकन भन्दा बजार मुल्य धेरै गुणा बढी भएको, खरिद बिक्रीको दृष्टिकोणले खरिद गरिएका र छोटो समयमा बिक्री हुने घर जग्गाबाट असुल गरिएको पुँजीगत लाभकर आदि कारणहरूले घरजग्गा रजिष्ट्रेशनको सङ्ख्या बृद्धिको तुलनामा राजस्व संकलनमा उल्लेख्य मात्रामा बृद्धि भएको देखिन्छ । यस सम्बन्धी विवरण तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट

| क्र.सं. | विवरण | २०७७ पुस मसान्तसम्म | २०७८ पुस मसान्तसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १. | घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ७१,७१४.०० | ८९,६०६.०० | २४.९५ |
| २. | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | १,८६०.०० | २,०४४ | ९.८९ |
| ३. | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ९११.४६ | २,२८९.७९ | १५१.२२ |

*स्रोत : मालपोत कार्यालय तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

समिक्षा अवधिमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त सहित) को सञ्चालनमा रहेका कुल शाखा संख्या १ हजार ७ सय ३ रहेको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा सञ्चालित कुल शाखा १ हजार ५ सय १३ रहेको थियो ।

सञ्चालनमा रहेका शाखाहरू मध्ये वाणिज्य बैंकका ५५९, विकास बैंकका ८२, वित्त कम्पनीका ३१ र लघुवित्त वित्तीय संस्थाहरूको १ हजार ३१ शाखाहरू रहेका छन । जिल्लागत आधारमा शाखाहरूको उपस्थिति हेर्दा सबै भन्दा बढी धनुषा जिल्लामा २४२ शाखाहरू र सबै भन्दा कम रौतहट जिल्लामा १८० शाखाहरू रहेका छन् । समिक्षा अवधिमा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूमा ९ हजार ६ सय ३६ जना कर्मचारीहरू कार्यरत छन् । जस मध्ये सबै भन्दा बढी कर्मचारीहरू पर्सा जिल्लामा १ हजार ५ सय ३ जना र सबै भन्दा कम कर्मचारी रौतहट जिल्लामा ९ सय १३ जना रहेका छन् । यस सम्बन्धी विवरण तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरू

| क्र.सं. | जिल्ला | २०७८ पुस मसान्तसम्मको शाखा संख्या | कर्मचारी संख्या |
|---|---|---|---|
| १. | पर्सा | १८७ | १,५०३ |
| २. | बारा | २४१ | १,३१३ |
| ३. | सर्लाही | २२६ | १,१७१ |
| ४. | रौतहट | १८० | ९१३ |
| ५. | महोत्तरी | २०५ | १,०७४ |
| ६. | धनुषा | २४२ | १,४४२ |
| ७. | सिराहा | २३४ | १,२४४ |
| ८. | सप्तरी | १८८ | ९७६ |
| | **जम्मा** | **१,७०३** | **९,६३६** |


*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## ५.४ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले समिक्षा अवधिमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १३.२४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४७ अर्ब ९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ३७.५६ प्रतिशतले वृद्धि भई रु.२ खर्ब १८ अर्ब २० करोड पुगेको थियो ।

समिक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ३७.२९ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २४ अर्ब १४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १४.२२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ८ अर्ब ९४ करोड पुगेको थियो । यस सम्बन्धी विवरण चार्ट नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

चार्ट ५.१ : निक्षेप तथा कर्जा स्थिति (रु.करोडमा )




*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## ५.५ यातायात

समिक्षा अवधिमा मधेश प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या गत वर्षको सोही अवधीको तुलनामा ६.८५ प्रतिशतले वृद्धि भई १० लाख ९९ हजार ३ सय ५८ पुगेको छ । गत वर्षको सोही अवधिमा उक्त सवारी साधनको संख्या ५.७१ प्रतिशतले वृद्धि भई १० लाख २८ हजार ८ सय ४३ पुगेको थियो । समिक्षा अवधिमा सवारी साधनहरू मध्ये मोटरसाइकलको संख्यामा ६.३५ प्रतिशतले वृद्धि भई ८ लाख ३० हजार ६ सय ४४ र अन्य यातायात साधनको संख्यामा ४.३६ प्रतिशतले वृद्धि भई २ लाख ६८ हजार ७ सय १४ पुगेको छ। यस सम्बन्धी विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ।

तालिका ५.३ : मधेश प्रदेशमा यातायातको स्थिति

| क्र.स. | विवरण | २०७६ पुस मसान्त | २०७७ पुस मसान्त | २०७८ पुस मसान्त | समिक्षा अवधिको परिवर्तन (%) |
|---|---|---|---|---|---|
| १. | मोटरसाईकल | ७,३५,७६९ | ७,८१,०३९ | ८,३०,६४४ | ६.३५ |
| २. | अन्य | २,४८,६३३ | २,५७,४९९ | २,६८,७१४ | ४.३६ |
| | **कुल संख्या** | **९,७३,२५२** | **१०,२८,८४३** | **१०,९९,३५८** | **६.८५** |

*(स्रोत:- यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश)*

## ५.६ सेवा क्षेत्र कर्जा

समिक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा २२.२१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४९ अर्ब ५६ करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा २८.२८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २२ अर्ब ३८ करोड पुगेको थियो । यस सम्बन्धी विवरण तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ।

तालिका ५.४ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)

| क्र.सं. | विवरण | २०७६/७७ पुस मसान्त | २०७७/७८ पुस मसान्त | २०७८/७९ पुस मसान्त |
|---|---|---|---|---|
| १. | यातायात, भण्डारण र संचार | ५,४८ | ५,७३ | ६,२६ |
| २. | थोक तथा खुद्रा विक्रेता | ७४,७६ | ९७,०७ | १,२८,१६ |
| ३. | वित्त, बीमा तथा अचल सम्पत्ति | ६,१९ | ८,३५ | ४,३४ |
| ४. | पर्यटन | ३,१० | ४,०३ | ५,०७ |
| ५. | अन्य सेवा | ५,८९ | ७,२१ | ५,७३ |
| | **जम्मा** | **९५,४२** | **१,२२,३९** | **१,४९,५६** |

*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

समिक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जा मध्ये सबैभन्दा बढी पर्सा जिल्लामा रु.५३ अर्ब ७९ करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जाको ३५.९७ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा रु.७ अर्ब ७५ करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित कुल सेवा क्षेत्र कर्जाको ५.१८ प्रतिशत रहेको छ। सो अवधिमा मधेश प्रदेशबाट सेवा क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत स्थिति तालिका ५.५ मा प्रस्तुत गरिएको छ।

तालिका ५.५ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोड)

| क्र.सं. | जिल्ला | रकम | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|
| १. | पर्सा | ५३,८० | ३५.९७ |
| २. | बारा | १२,३२ | ८.२४ |
| ३. | रौतहट | १०,०९ | ६.७५ |
| ४. | सर्लाही | १२,८० | ८.५६ |
| ५. | महोत्तरी | १२,३२ | ८.२४ |
| ६. | धनुषा | २२,८६ | १५.२९ |
| ७. | सिराहा | १७,६२ | ११.७८ |
| ८. | सप्तरी | ७,७५ | ५.१८ |
| | **जम्मा** | **१,४९,५६** | **१००.००** |

*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## सर्लाही जिल्लाको भरत ताल: पर्यटनको नयाँ गन्तव्य

### १. परिचय

सर्लाहीको बागमती नगरपालिकाले बागमती नदीको पानीलाई डाईभर्शन गरी नगरपालिकाको वडा नं. ४ र १२ बीच कर्मैयामा निर्मित भरत ताल मुलुककै आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकसित हुँदैछ । पूर्व पश्चिम राजमार्गदेखि २ कि.मी. दक्षिणतर्फ बागमती माछापोखरी नाम रहेको मानव निर्मित यो ताल बागमती नगरपालिकाका मेयर भरतबहादुर थापाको विशेष सक्रियता र सोचमा निर्माण भएकाले भरत तालको रुपमा प्रख्यात छ । यो नेपालकै सबैभन्दा ठूलो मानव निर्मित सफा पानीको ताल हो । यो तालको गहिराई करिब ५० फीट देखि ७२ फीटसम्म रहेको छ । नगरपालिकाका अनुसार खेर गइरहेको सुख्खा रहेको बगर जमिनलाई भुउपयोग नीति बमोजिम माछा पालनको लागि पोखरी निर्माण गर्दै जाँदा तालमा पर्यटकहरुलाई आकर्षित गर्ने दृष्टिकोणले मनोरञ्जनात्मक क्रियाकलाप अघि बढाउने निर्णय भए बमोजिम डुङ्गा सञ्चालन शुरु भएको हो । हाल यस तालको मुख्य आकर्षण भनेकै डुङ्गा सञ्चालन र मनोरञ्जन हो ।

तालको उत्तरतर्फ रहेको खुला जमिनमा पर्यटक आकर्षण गर्ने हिसाबले सुमेरु पर्वत्को निर्माण भईरहेको छ । डुङ्गा सञ्चालन बाहेक यस तालको वरिपरि अन्य पर्यटकीय पूर्वाधारहरु पनि तयार हुँदैछ । परियोजनाको पहिलो चरणको निर्माण १२१ विघा जमिन क्षेत्रफलमा हुँदैछ । जस मध्ये १०१ विघामा पोखरी रहने छ भने बाँकी रहेको वरिपरिको जग्गामा मोनो रेल, फुल सहितको बगैँचा, शेल्फी पार्क, वनभोज स्थल, प्रतिक्षालय एवम् शितल चौतारा जस्ता पूर्वाधार बनाउने क्रममा रहेको छ । पर्यटकहरुको लागि शौचालय निर्माणको टेण्डर आह्वान भईसकेको छ भने शौचालयबाट उत्पादन हुने फोहोर खेतीपातीमा प्रयोग हुने मल बनाउने प्रयोजनको लागि बिक्री गरी यसबाट नगरपालिकाले आम्दानी गर्ने उद्देश्य लिएको छ ।

### २. बजेट व्यवस्था र व्यवस्थापन

बागमती नगरपालिकाबाट प्राप्त जानकारी अनुसार नगरपालिकाको आन्तरिक श्रोत, प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त बजेटमा निर्माण भइरहेको पोखरीमा हालसम्म रु.५८ करोड २० लाख रकम खर्च भइसकेको छ । जस मध्ये नेपाल सरकारबाट रु.८ करोड, मधेश प्रदेश सरकारबाट रु.४७ करोड ७० लाख र नगरपालिकाको श्रोतबाट रु.२ करोड ५० लाख प्राप्त भई खर्च भएको देखिन्छ । ताल क्षेत्रको सम्पूर्ण परियोजना निर्माण सम्पन्न गर्न करिब रु.१ अर्ब २० करोड लाग्ने अनुमान रहेको छ । सो काममा सहयोग गरी पर्यटन विकास गर्न अष्ट्रेलिया सरकार समेत इच्छुक रही चासो व्यक्त गरे पनि निर्णय भई सकेको छैन । सो सम्बन्धमा नगरपालिकाले आवश्यक पहल गरिरहेको देखिन्छ । एक वर्ष भित्र निर्माणका कामहरु सक्ने योजना सहित अघि बढिरहेको यस परियोजनामा Boat सञ्चालन बाहेक अन्य सम्पूर्ण कामको जिम्मा नगरपालिकाले लिएको छ ।

### ३. आगामी योजनाहरु

नगरपालिकाका अनुसार दोश्रो चरणमा निर्माण हुने थप पूर्वाधारसहित यस तालको परियोजनालाई भविष्यमा २५० बिगाहा क्षेत्रफलमा विस्तार गर्ने कार्यक्रम रहेको छ । दोश्रो चरणको काम अन्तर्गत् Dolphin Safari Park, Fishing Station आदि बन्नुका साथै घोडचढी, ऊँटचढी, E-Rickshaw आदि साधनबाट तालको वरिपरि यात्रा गरी मनोरञ्जन लिने पूर्वाधार तयार हुँदैछ । तालको पश्चिम तर्फ करिब ३० बिगाहा जमिनमा फिल्म सिटी (Film City) बनाउन DPR तयार गरी काम अघि बढिरहेको छ भने सोही क्षेत्रमा ZipLiner समेत बनाउने गरी योजना अघि बढिरहेको छ । यी कामहरु नगरपालिकाको लगानीमा सम्पन्न गर्ने र सञ्चालन व्यवस्था भने निजी क्षेत्रलाई लिजमा दिने सोचका साथ अघि बढिरहेको छ ।

### ४. रोजगारी श्रृजना र राजस्व संकलन

ताल सञ्चालनमा आए पश्चात डुङ्गा (Boat) व्यवसाय लगायत चिया खाजा पसल लगायत अन्य पेशा व्यवसाय गरी मानिसहरुले रोजगारी प्राप्त गरेका छन् । उक्त तालमा हाल २ किसिमका Boat हरु संचालनमा रहेका छन् । पहिलो प्रकारको Boat अन्तर्गत् Mini cruise भन्ने गरेको Jet Boat सञ्चालित छ, जसमा एकपटकमा १ सय जना व्यक्तिहरु यात्रा गर्न सक्ने क्षमता रहेको छ । Motor Boat व्यवस्थान समितिका अध्यक्षका अनुसार तीन तल्ला रहेको यो Jet Boat को पहिलो तलामा चढेर ताल घुम्नेहरुको लागि प्रति व्यक्ति रु.३ सय, दोस्रो तलाको लागि प्रति व्यक्ति रु.५ सय र

तेस्रो तलाको लागि प्रति व्यक्ति रु.१ हजार शुल्क लिने गरेको छ । उनका अनुसार यस प्रकारको Jet Boat नेपालमा पहिलो पटक यस तालमा संचालनमा आएको हो । दोस्रो प्रकारको Motor Boat अन्तर्गत् Steamer Boat रहेको छ । हाल यसको संख्या २४ वटा रहेका छन् । यसको प्रति व्यक्ति भाडा रु.२ सय रहेको छ ।

यस तालमा हंसराज प्रजातिको हाँस छाडिएको छ जसले ताल घुम्न आउने पर्यटकरुहरुको लागि अर्को मनोरञ्जन प्रदान गर्दछ । तालमा केही समयपछि माछा पालन समेत गर्ने योजना रहेको र यसले नगरपालिकाको आम्दानीको श्रोत अझ बढाउनेछ । यस तालको निर्माणसँगै सडक निर्माण समेत भएकाले विदाको दिन परिवार सहित ठूलो संख्यामा आन्तरिक पर्यटकहरु यहाँ आउने गरेको पाइन्छ । नगरपालिका श्रोतका अनुसार हाल बोट सञ्चालक, टिकट काट्ने व्यक्ति, साना होटल तथा चिया पसल, अटोरिक्सा चालक र क्यामेरा म्यानहरु समेत प्रत्यक्ष/अप्रत्यक्ष रुपमा करिव १ हजार जनाले रोजगार प्राप्त गरेको देखिन्छ ।

आन्तरिक तथा बाह्य पर्यटकको रुपमा यस ठाउँमा घुमफिर गर्न आउने पर्यटकहरुलाई खाने बस्ने सुविधाको लागि यो तालको दक्षिणतर्फ क्यासिनो सहितको स्टार स्तरको होटलको निर्माण कार्य हुँदै गरेको छ ।

५. **नगरपालिकाको आर्थिक श्रोतमा योगदान**

यस तालमा Boat सञ्चालन गरी दैनिक रुपमा हुने कुल आम्दानीको २० प्रतिशतले हुने रकम नगरपालिकालाई सेवा शुल्क वापत बुझाउनु पर्दछ । नगरपालिकाका अनुसार यसको वृहत परियोजना पूरा रुपमा सञ्चालन हुन सकेमा यसबाट नगरपालिकालाई वार्षिक रु.१० करोड राजस्व संकलन हुने अनुमान रहेको छ ।

भारतको बिहारबाट धेरै पर्यटकहरु यहाँ आउने कारण भारतीय रुपैयाँ आर्जन हुने र पोखरीमा हुने माछा पालनबाट आम्दानी बढ्ने नगरपालिकाको अनुमान रहेको छ । यसको अतिरिक्त तालको दक्षिण पश्चिम तर्फ ९० बिगाहा जग्गामा २० हजार आँपको बोट लगाउने र यसबाट नगरपालिकालाई आम्दानीको राम्रो श्रोत बनाउने योजनाका साथ आँप बगैंचाको काम पनि अघि बढिरहेको छ ।

६. **अन्य अप्रत्यक्ष फाईदाहरु**

यहाँ ताल बने पछि अन्य अप्रत्यक्ष फाईदाहरु पनि भएको देखिन्छ । तालको वरिपरि रहेका जमिन ओसिलो भई सुख्खा जमिन पनि उर्वर हुन थालेको देखिन्छ भने तालको पानी प्रयोग गरी वारुण यन्त्रमा भर्नुका साथै खेतीपातीका लागि सिँचाई गर्न समेत सहज हुने देखिएको छ ।

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशमा धार्मिक तथा साँस्कृतिक महत्व बोकेका पोखरीहरू धेरै रहेकाले यसलाई सरसफाई गरी जल मनोरञ्जनको दृष्टिले उपयोग गर्न सकेमा धार्मिक तथा सबै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिने देखिन्छ । उपयुक्त भौगोलिक अवस्थिति भएकाले अस्पताल तथा ठूला शिक्षण संस्थाहरूको समेत स्थापना गर्न सकेमा शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा समेत राम्रो सम्भावना बोकेको प्रदेशको रुपमा देखिन्छ । तथापि यस क्षेत्रको विकासमा यहाँ देहाय बमोजिम चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

### ५.७.१ चुनौतीहरू

- मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला सँस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु ।
- मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धि तथा उत्पादकत्व वृद्धि गर्नु ।
- जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु ।

- मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु ।
- मधेश प्रदेशमा हुने आन्तरिक तथा बाह्य दुवै किसिमको गुणस्तरीय पर्यटकहरूको आगमन वृद्धि गर्न आवश्यक सुधार गर्नु ।
- पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोजी तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको बसाई अवधि लम्ब्याउनु ।
- स्थानीय वासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाई सम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

**५.७.२ सम्भावनाहरू**

- मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको सीमा भएर बग्ने सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले प्रख्यात रहेकाले यस्ता पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सक्ने राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको ताजा माछा लोकप्रिय रहेको र हवाई तथा स्थल यातायातको हिसाबले सुगम रहेकोले सो को लाभ लिँदै स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।
- उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- जनकपुर क्षेत्रमा रहेको पोखरी तथा ताल तलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।
- मधेश प्रदेशमा अधिकांश भूभाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।
- भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके स्तरीय भारतीय पर्यटक भित्र्याउन सकिने उच्च संभावना रहेको देखिन्छ ।
- मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकाले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।

## परिच्छेद : ६

# पूर्वाधार र रोजगारी

### ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा पूर्वाधार विकासका राष्ट्रिय आयोजनाहरू सञ्चालनमा रहेका छन् । यहाँ निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको काम द्रुत गतिमा बढ्ने, जयनगर–जनकपुर कुर्था रेल्वे सञ्चालनको नीतिगत व्यवस्था तथा कार्यविधिहरू तयार भई कर्मचारी नियुक्ति लगायत काम अघि बढीसकेको, प्रदेशभित्रका स्थानीय तहहरूले विकास निर्माणका बाँकी कार्यहरूमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स–साना आयोजनाहरू सम्पन्न हुने क्रममा छ । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि हुने, जयनगर जनकपुर कुर्था रेलवेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै वर्दिवाससम्म पुऱ्याउन काम अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य वृद्धि हुने अनुमान छ । स्थानीय तहमा नयाँ जनप्रतिनिधिहरूको आगमनसँगै कामले नयाँ दिशा पहिल्याउने, स्थानीय आवश्यकता अनुरुपको विकास निर्माणको पहिचान, जनताको विकास प्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता आदि कारणले मधेश प्रदेशमा आगामी दिन पूर्वाधार निर्माणको गतिमा तीव्रता आउने अनुमान गरिएको छ ।

#### ६.१.१ जयनगर-जनकपुर-कुर्था रेलवे

नेपाल रेलवे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-कुर्था रेलवेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भईसकेको छ । चालु आर्थिक वर्षको चैत देखि सञ्चालन गर्ने गरी सो रेलवेको काम अघि बढिरहेको छ । भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत् रेलवेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको ईन्जिन र बग्गी खरीद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ । कम्पनीका अनुसार वि.सं. २०७८ चैत्र २० गतेबाट सञ्चालन सुरु हुने हो रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ । यस हिसाबले दैनिक रुपमा रेलको यात्री संख्या २ हजार ५ सय देखि ३ हजार रहेको छ । जसबाट प्रतिदिन रु.१.५ देखि रु.२ लाखसम्म आम्दानी हुने अनुमान रहेको छ । हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको कुर्थाबाट, जनकपुर, परवाह, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ३५ कि.मी. रहेको छ । कुर्था-विजलपुरासम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को नोभेम्बरसम्म सम्पन्न हुने लक्ष्यको साथ काम भइरहेको छ । भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको प्रक्रियामा रहेको छ ।

कम्पनीमा हाल ७० जना कर्मचारीहरू कार्यरत छन् जसमा ६० जना प्राविधिक र १० जना अप्राविधिक रहेका छन् । सञ्चालनमा रहेको रेल तथा रेलवेको लिकलाई हरेक वर्ष मर्मत गरिरहनुपर्ने भएकोले नेपाल सरकारको निर्णय अनुसार भारत सरकारको स्वामित्व अन्तर्गतको कोंकन रेल्वे कर्पोरेशन लिमिटेडलाई रु.३५ करोड भुक्तानी गर्ने गरी एक वर्षको लागि भएको सम्झौता अनुसार चालक दल तथा रेल विज्ञहरूबाट मर्मत लगायतका भौतीक पूर्वाधारका कामहरू भइरहेको छ ।

### ६.१.२ काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक आयोजना राजधानी काठमाडौलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ गतेको निर्णय अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको हो । नेपाली सेनालाई आयोजना हस्तान्तरण भए पश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढाइएको छ । कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ गते स्वीकृत भईसकेको छ । यसको लम्बाई ललितपुरको खोकना देखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म चार लेन सहितको जम्मा ७२.५ कि.मि. रहेको छ । यस सडकको कुल लम्बाई मध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल र ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने कुरा परियोजनाको विवरणमा उल्लेख छ ।

आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.१ खर्ब ११ अर्ब अनुमान रहेकोमा संशोधित लागत रु.२ खर्ब १९ अर्ब पुग्ने अनुमान रहेकोछ । काठमाडौ-तराई मधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौको प्रतिवेदन अनुसार आ.व. २०७७/७८ मा आयोजनाको निम्ति रु.८ अर्ब ९३ करोड बजेट विनियोजन भएकोमा रु.५३ करोड खर्च भएकोले वित्तीय प्रगति ६ प्रतिशत भई हालसम्मको कुल वित्तीय खर्च रु.१७ अर्ब २८ करोड भएको देखिन्छ । ललितपुरको खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था र बिस क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत् आपूर्ति सहज हुन नसकेकोले काममा केही ढीलाई भएको व्यहोरा सो प्रतिवेदनमा उल्लेख भएको छ ।

### ६.१.३ हुलाकी राजमार्ग

आर्थिक वर्ष २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत रु.६५ अर्ब २० करोड रहेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०७८/७९ को दोश्रो त्रैमासिक समिक्षा अनुसार हालसम्मको समग्र भौतीक प्रगति ७२.४२ प्रतिशत र वित्तीय प्रगति रु.४८.९२ अर्ब अर्थात् ७५.०३ प्रतिशत रहेको छ । हालसम्ममा कुल १ हजार ७ सय ९२ कि.मी. मध्ये ७ सय ९५.२१ कि.मी. कालोपत्रे सम्पन्न भएको छ भने बाँकी ५ सय ८१ कि.मि. सडक निर्माणाधीन अवस्थामा रहेको छ । कुल २ सय १९ पुल मध्ये १ सय १ वटा पुल सम्पन्न भएका छन् । निर्माण हुन बाँकी मध्ये ५ सय ८१ कि.मी. सडक निर्माणधिन अवस्थामा रहेको छ ।

### ६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको **निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम** आ.व. २०७१/७२ बाट शुरु भई आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार राष्ट्रिय आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बिच सम्पन्न सम्झौता अनुसार निजगढमा एयरपोर्ट सिटी सहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide तयार गरेको सम्भाव्यता अध्ययन

प्रतिवेदन अनुसार यसको अनुमानित लागत रु.७ खर्ब रहेको थियो । सोही विवरण अनुसार राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढिरहेको यस आयोजनाको स्वीकृत कुल लागत रु.१ खर्ब ६५ अर्ब रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार गर्ने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्यांकन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रणको कार्य सम्पन्न गरेको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्वासी वस्तीको घर जग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालय मार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । प्रथम चरणको निर्माण कार्यका लागी १ हजार ९ सय हेक्टर क्षेत्रफल भित्र पर्ने रुख पोलको लागत नम्बरिङ्ग कार्य भइरहेको छ । परियोजनाको Detail Feasibility Study तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरू टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटी बारे निर्णय हुन नसक्नु पनि रहेको छ ।

**नवीकरणीय उर्जा: ढल्केबरस्थित मिथिला सोलार प्लाण्ट**

**१. परिचय,**

ईको पावर डेभलपमेन्ट कम्पनी (Eco-Power Development Company) ले धनुषा जिल्लाको ढल्केबरमा सौर्य उर्जा प्लाण्ट निर्माण गरी २०७७ फागुनबाट उत्पादन शुरु गरेको छ । यस आयोजनाबाट उत्पादित सौर्य विद्युत ढल्केबर स्थित सब स्टेशनमार्फत् राष्ट्रिय प्रसारण लाईनमा जडान भईसकेको छ । मधेश प्रदेशमा जलविद्युत विकासको सम्भावना लगभग नभएको अवस्थामा (Eco-Power Development Company) ले Kushal Projects Nepal सँग डिजाईन, आपूर्ति, निर्माण, सञ्चालन र मर्मत समेतको सम्झौता गरी सो प्लाण्टको निर्माण कार्य सम्पन्न गरेको छ । करिब २० बिगाहा जग्गामा निर्माण भएको प्लाण्टबाट नदी र जलायशमा पानी नहुने सुख्खा मौसममा सौर्य विद्युत उत्पादनबाट उर्जा आपूर्ति गरी मुलुकको उर्जा आवश्यकतालाई टेवा पुर्‍याउने र विद्युत आयातलाई घटाउन सहयोग गर्ने देखिन्छ ।

**२. उत्पादन क्षमता**

परियोजनाका अनुसार प्रति प्यानल २.२० वर्गमीटर क्षेत्रफल भएको २८ हजार ५ सय ४ वटा प्यानल प्लाण्टमा जडान गरी सोबाट जम्मा १० मेगावाट विद्युत उत्पादन हुने क्षमता रहेको छ । यस प्लाण्टमा जडित ३ वटा ईन्भर्टरमार्फत् विद्युत उत्पादन हुन्छ । पहिलो र दोश्रो ईन्भर्टर ४.५ मेगावाट तेश्रो ईन्भर्टर १ मेगावाट क्षमताका रहेका छन् । नेपाल सरकारले सौर्य तथा जलविद्युत दुवै प्रकारको उर्जा उत्पादन गर्ने सम्बन्धी नीति अख्तियार गरे अनुरुप विद्युत विकास विभागले मुलुक भर जम्मा ५६ वटा सौर्य उर्जा उत्पादनको ईजाजतपत्र दिएकोमा मधेश प्रदेशमा सञ्चालन हुने २ वटा सौर्य उर्जा परियोजना मध्ये यो एक हो । नेपाल सरकारको मिश्रित उर्जा उत्पादन सम्बन्धी नीति अनुसार सौर्य उर्जाले कुल उर्जा उत्पादनको करिब १५ प्रतिशत हिस्सा उत्पादन गर्ने लक्ष रहेको छ । यो प्लाण्ट नेपालमा हालसम्म जडित सौर्य विद्युत परियोजना मध्ये सबभन्दा ठूलो आयोजना रहेको छ ।

**३. विद्युतबाट हुने आम्दानी र रोजगारी**

कम्पनीबाट प्राप्त जानकारी अनुसार यस विद्युत प्लाण्टबाट उत्पादित विद्युत प्रति युनिट ७ रुपैयाँ ३० पैसामा खरीद बिक्री गर्न नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भएको छ । सो सम्झौता अनुसार मिति २०७७ फागुन २२ देखि विद्युत गृहको प्लाण्टबाट करिब १ किलोमीटर लम्बाईको ट्रान्समिशन लाईनबाट नेपाल विद्युत प्राधिकरणको ३३ केभिको ढल्केबर सब स्टेशन मार्फत् राष्ट्रिय प्रसारण लाईनमा जडान भईसकेको छ । अभिलेख अनुसार मासिक रुपमा सबभन्दा बढी विद्युत उत्पादन १८ लाख ७० हजार ४ सय ६९ किलोवाट आवर तथा सबभन्दा कम विद्युत उत्पादन ११ लाख ४१ हजार

४ सय ४१ किलो वाट आवर विद्युत उत्पादन भई औषतमा मासिक रु.१ करोड ८ लाख ३४ हजार १ सय ५० आम्दानी हुन सक्ने जानकारी कम्पनीले उपलब्ध गराएको छ । कम्पनीमा दैनिक रुपमा ५ जना प्राविधिक ईन्जिनियर तथा १० जना साधारण तर्फका गरी जम्मा १५ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

**४. लगानी श्रोत**

यस परियोजना निर्माणका लागि कुल लागत जम्मा रु.९० करोड खर्च भएको जानकारी परियोजना कार्यालयबाट प्राप्त भएको छ । परियोजना निर्माणमा खर्च भएको कुल लागत मध्ये विभिन्न बैंकहरुको कर्जा रकम र कम्पनीको स्वपूँजी लगानी रहेको छ ।

## ६.२. रोजगारी

प्रदेशको रोजगारी सम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गरी दुई प्रकारका विभाजन गरी अध्ययन गरिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारी

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन । धनुषा जिल्ला मुलुककै सबभन्दा बढी वैदेशिक रोजगारीमा श्रमशक्ति पठाउने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेकोले यसबाट राम्रो आम्दानी गर्न भने सकेको देखिँदैन । आर्थिक वर्ष २०७८/७९ को पुस महिनासम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या ८४ हजार ८ सय ८ रहेको छ । यो संख्या वाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २८.५५ प्रतिशत हो । मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरू मध्ये सबै भन्दा बढी कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेसियामा कार्यरत छन् । यस सम्बन्धी विवरण तालिका नं. ६.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ६.१ : श्रम स्वीकृति लिनेहरूको संख्या

| क्र.सं. | जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरकोसँग तुलना (%) | मुलुकभरको जम्मा |
|---|---|---|---|---|
| १. | सप्तरी | ८,९८८ | ३.०३ | २९७,०३६ |
| २. | सिराहा | १६,०९६ | ५.४२ | |
| ३. | धनुषा | २१,३१२ | ७.१७ | |
| ४. | महोत्तरी | १४,५५९ | ४.९० | |
| ५. | सर्लाही | ९,७११ | ३.२७ | |
| ६. | रौतहट | ६,३१७ | २.१३ | |
| ७. | बारा | ४,९८८ | १.६८ | |
| ८. | पर्सा | २,८३७ | ०.९५ | |
| | **जम्मा** | **८४,८०८** | **२८.५५** | |

*(स्रोत : श्रम विभाग, मासिक प्रतिवेदन साउन देखि पौष २०७८)*

### ६.२.२ आन्तरिक रोजगारी

आन्तरिक रोजगारी अन्तर्गत संघीय तथा प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजना मार्फत मधेश प्रदेशमा सञ्चालित रोजगारमूलक देहाय बमोजिमा कार्यक्रमहरू रहेका छन :

- सङघीय सरकारले मानव विकास सुचकाङ्कमा पछाडि परेका मधेश प्रदेशका सीमा क्षेत्रका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पूर्वाधार निर्माणका लागि **तराई मधेश समृद्ध कार्यक्रम** सञ्चालन गरेको छ ।
- स्थानीय तहमा संचालित सार्वजनिक बिकास निर्माणका कार्यहरू श्रममूलक प्रविधिमार्फत् सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ ।
- सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत स्थानीय स्तरमै थप रोजगारी सृजना गर्ने अघिल्लो वर्षको लक्षलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ ।
- चालु आ.व.को बजेट बक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय स्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपण लगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

**प्रदेश र स्थानीय सरकारबाट सञ्चालित रोजगार कार्यक्रम**

- प्रदेश सरकार र पालिकाहरूबाट संचालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सृजना गर्ने कार्यक्रम समावेश गरेको ।
- कोभिड-१९ को कारण वैदेशिक रोजगार गुमाएर घर फर्किएका युवाहरूको रोजगारीको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरू, बाढी रोकथाम तथा नियन्त्रणका कार्यहरू, घरेलु तथा साना उद्योग व्यवसाय तथा आधुनिक कृषिजन्य क्रियाकलापमार्फत् रोजगारका अवसरहरू श्रृजना गर्ने कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्र कार्यक्रम संचालन गरी किसानहरूको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विभिन्न अनुदान, सहुलियतका सुविधा प्रदान गर्नुको साथै किसानहरूलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरू संचालन गरी स्वरोजगारका अवसर श्रृजना गर्ने कार्यक्रम अघि बढेको छ ।

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेशको भौगोलिक धरातल उपयुक्त रहेकाले ठूला उद्योगहरू स्थापना गरी सोबाट आर्थिक गतिविधि बढाउनुका साथै रोजगारी श्रृजना हुने अवसर देखिन्छ । यसका साथै पुर्व पश्चिम राजमार्ग विस्तार तथा काठमाडौलाई तराईसँग जोड्ने फाष्ट ट्रयाक निर्माणको चरणमा रहेकोले यसबाट समेत रोजगारीका अवसर श्रृजना गर्न केही टेवा पुग्ने देखिन्छ ।  निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरू तयार हुने नीतिगत निर्णय भईसकेको भए पनि काम अघि बढ्न सकेको छैन । सुनकोशी मरिन डाईभर्शनलाई सर्लाही जिल्लाको बागमती सिँचाई आयोजनामा जोड्ने जस्ता ठूला पूर्वाधार आयोजनाहरू अघि बढिरहेका छन् भने हुलाकी राजमार्ग पनि निर्माणको चरणमा रहेको छ । यद्यपि मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रमा निम्नानुसार चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ६.३.१ चुनौतीहरू

- मधेश प्रदेशमा शुरु भएका हुलाकी राजमार्ग, काठमाडौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित लागत र समय तालिकामा सम्पन्न गर्नु ।

- पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गर्नु ।
- सार्वजनिक-निजी-साझेदारी कार्यक्रममार्फत् ठूला पूर्वाधार कार्यक्रम तथा औद्योगिक क्षेत्रमा लगानी अभिवृद्धि गर्नुका साथै रोजगारी श्रृजना गर्नु ।
- पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गनु ।
- राष्ट्रिय गौरव लगायत ठूला पूर्वाधार क्षेत्रको निर्माणको लागि विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्नु ।
- सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठुला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।
- अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु ।
- मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा सञ्चालन गर्नु ।
- पुर्व पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै काम सम्पन्न गर्नु ।
- निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु ।
- प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।
- मधेश प्रदेशमा अनुकुल रहेका भौगोलिक स्वरुपको उपयोग गर्दै उत्पादनमूलक उद्योगहरूमा लगानी अभिवृद्धि गरी रोजगारी सृजना गर्नु ।

**६.३.२ सम्भावना**

- मधेश प्रदेश भौगोलिक दृष्टिकोणले समतल भू-भागमा रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तरराष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरूको विकास तथा निर्माण हुन सक्ने सम्भावना रहेको देखिन्छ ।
- कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशको भौगोलिक सुगमता तथा यहाँको आर्थिक रुपले सक्रिय जनशक्तिको लाभ लिँदै कृषि र उद्योगको विकासमार्फत् पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारहरूको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको छ ।
- उपयुक्त धरातलीय स्वरुप र भौगोलिक सुगमताको उपयोग गरी यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

- सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासलाई प्रयोग गरी यहाँको जनसांख्यिकीय तथा भौगोलिक सुगमताको उच्चतम प्रयोग गरी औद्योगिक क्रियाकलापमार्फत् लाभ लिन सकिने सम्भावना रहेको देखिन्छ ।
- मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी मधेश प्रदेशको सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके प्रदेशको कृषि योग्य भूमिमा सिँचाई सुविधा पुग्न सक्ने सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशमा सरकारी, गुठी र निजी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुल्ला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमिनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुल्ला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

# परिच्छेदः ७
# आर्थिक परिदृश्य

## ७.१ प्रदेशको आर्थिक परिदृश्य

प्रदेशका कृषि विज्ञ, पशुपक्षी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यावसायी तथा अन्य सरोकारवाला निकायहरूबाट आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत् प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गर्दा मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि चालु आर्थिक वर्षको बाँकी ६ महिनाको अवधि तथा आगामी आर्थिक वर्षहरूमा बढ्दै जाने अनुमान रहेको छ । विगत वर्षहरूमा आर्थिक गतिविधिहरूमा चुनौतीको रुपमा देखा परेको कोरोना भाइरस (कोभिड–१९) को संक्रमण विस्तारै घट्दै गएको र प्रदेशको आर्थिक गतिविधिहरूमा यसको नकारात्मक प्रभाव कम हुँदै गएको अवस्था रहेकोले आर्थिक गतिविधिहरू चलायमान हुने अपेक्षा अनुसार सो अनुमान गर्न सकिने स्थिति देखिन्छ । तर पनि विकास निर्माण लगायत भौतिक पूर्वाधारको क्षेत्रमा हुने काम सम्पन्न हुन नसकी पुँजीगत खर्च अपेक्षित रुपमा हुन नसकेकोले आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको आर्थिक वृद्धिदर सामान्य रहने अनुमान छ ।

### ७.१.१ कृषि तथा वनजन्य उत्पादन

मधेश प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको, गहुँ मकै तथा कोदो जस्ता अन्न बालीहरूको खेती गरेको क्षेत्रफल बढेको, तरकारी तथा फलफूल र दलहन तथा तेलहन बाली लगाएको क्षेत्रफल बढेको, उन्नत बिउ बिजनको प्रयोग बढेको, सिञ्चित जमिनको क्षेत्रफल विस्तार भएको, प्राय सबै मौसम र समयमा वर्षा भएकोले आगामी दिनमा हिउँदे कृषि बाली र अन्य मौसमका अन्न बालीहरूको उत्पादनमा वृद्धि हुन जाने देखिन्छ । त्यसरी नै मधेश प्रदेशका जिल्लाहरूको लागि ठूला सिँचाई आयोजना लगायत परम्परागत सिँचाई प्रणाली पनि विस्तार भईरहेकोले आगामी वर्षहरूमा सिँचाईको सहज उपलब्धताले कृषि बालीको उत्पादनमा थप वृद्धि हुने अनुमान रहेको छ ।

साथै, हाँस तथा कुखुरा पालन, राँगा तथा बाखापालन व्यवसाय बढ्नुका साथै श्रोत केन्द्र स्थापना भएको, माछापालन व्यवसायका लागि पोखरीहरूको संख्या बढेको आदि कारणहरूले गर्दा आगामी दिनमा दुध, अण्डा, माछा तथा मासु उत्पादनमा समेत वृद्धि हुने देखिन्छ ।

सरकारले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत् यो प्रदेशको धनुषा र बारा जिल्लालाई माछा पालन सुपरजोन; सिराहा, धनुषा र सर्लाही जिल्लालाई धानको जोन; महोत्तरी, रौतहट र पर्सालाई तरकारी जोन; सिराहा र सप्तरीलाई आँपको जोन र रौतहट जिल्लालाई धानको बिउ जोनको रुपमा घोषणा गरी विभिन्न किसिमका अनुदान, सहुलियत र किसान क्षमता विकास कार्यक्रम संचालन गरिरहेको हुँदा मधेश प्रदेशमा कृषि क्षेत्रको योगदान आउँदो दिनमा क्रमशः बढ्दै जाने देखिन्छ ।

स्यालो ट्युब वेलबाट सिञ्चित जमिनको क्षेत्रफल बढेको, ब्लक तथा पकेट कार्यक्रमबाट सिँचाई तथा कृषि यान्त्रिकीकरण जस्ता व्यवसायिक खेतीका पूर्वाधारहरू बनेको, तरकारी खेतीहरूमा अनुदान प्राप्त भई व्यवसायिक तरकारी खेतीतर्फ किसानहरू अग्रसर रहेकोले उत्पादन परिमाण र खेती गरिएको क्षेत्रफल बढ्ने सम्भावना रहेको छ । तरकारी र फलफूल स्वरोजगार कार्यक्रम, उन्नत जातको बीउबिजन, कस्टम हायरिङ जस्ता सुविधाहरूले तरकारी तथा फलफूल उत्पादनमा थप राहत हुने देखिन्छ ।

मधेश प्रदेशको धेरै भागहरू चुरे वन क्षेत्र अन्तर्गत रहेको हुँदा यहाँका वनबाट न्युन वन पैदावार उत्पादन भैरहेको र वनजन्य उत्पादनमा वृद्धि हुन सक्ने अवस्था रहेको देखिँदैन भने नयाँ वनक्षेत्रबाट काठ कटान हुने सम्भावना समेत नरहेकोले वनजन्य उत्पादन यथास्थितिमा नै रहने अनुमान रहेको छ ।

### ७.१.२ औद्योगिक उत्पादन

विश्वव्यापी रुपमा बढेको कोभिड-१९ को संक्रमण विस्तारै घट्दै गएकोले विगत केही समय यता औद्योगिक गतिविधिहरू विस्तार भएको छ । कोरोना संक्रमणका समयमा कम क्षमतामा संचालनमा रहेका उद्योगहरू आर्थिक गतिविधिको अवस्था सुधारसँगै क्षमता अनुरुप चल्न थालेको, कच्चा पदार्थहरूको आपूर्ति सहज रहेको तथा ढुवानी यातायात आदि चलायमान भईसकेकाले चालु आर्थिक वर्षको बाँकी अवधि तथा आगामी आर्थिक

वर्षमा औद्योगिक गतिविधि विस्तार हुने र औद्योगिक उत्पादन बढ्न जाने देखिन्छ । प्रदेशभित्र सञ्चालित चिनी, पेय पदार्थ, कागज, फलामको छड, औषधीजन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोगको अवस्था विगतको तुलनामा सुधार आएको कारण यी वस्तुहरूको औद्योगिक उत्पादन बढ्ने अनुमान रहेको छ । तथापि, बैंकिङ्ग क्षेत्रमा लगानी योग्य रकमको कमीले आगामी दिनमा बैंक कर्जा विस्तार हुन नसकी औद्योगिक क्षेत्रमा जाने कर्जा सहज नभए औद्योगिक उत्पादन प्रभावित हुन सक्ने देखिन्छ ।

### ७.१.३ सेवा क्षेत्र

कुल गार्हस्थ्य उत्पादनमा चालु आर्थिक वर्षको बाँकी अवधि तथा आगामी वर्षमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै जाने देखिन्छ । कोभिड-१९ को संक्रमण क्रमशः कम भएसँगै होटल तथा रेष्टुरेन्टहरूको सञ्चालन क्षमतामा विस्तार हुन थालेको, आन्तरिक पर्यटन सम्बन्धी गतिविधि बढ्न थालेको, हवाई तथा स्थल यातायातका यात्रु संख्या बढेको, भारत तथा तेश्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, स्वास्थ्य संस्थाहरू पूर्ण रुपमा सञ्चालन हुन थालेको, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएकोले आगामी आर्थिक वर्ष सेवा क्षेत्रको आर्थिक वृद्धिमा सुधार हुने सम्भावना रहेको छ । मधेश प्रदेशमा निर्मित भरत तालले धेरै स्वदेशी तथा भारतीय पर्यटकहरू आकर्षित गर्न थालेको तथा जयनगर जनकपुर कुर्था रेलवे सञ्चालनले मधेश प्रदेशको यातायात तथा पर्यटनमा टेवा पुऱ्याउने देखिएकाले सेवा क्षेत्रको माध्यमबाट आर्थिक गतिविधिहरू बढ्ने अनुमान रहेको छ ।

### ७.१.४ पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत जयनगर कुर्था रेलवेको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको, हुलाकी राजमार्गको बाँकी काम निर्माणको क्रममा रहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई सरकारले कार्यक्रम तथा बजेटको माध्यमबाट प्राथमिकतामा राखेको र सुनकोशी मरिन डाईभर्शन परियोजनाको काम अघि बढिरहेकोले सो को अन्तीम चरणमा सर्लाही जिल्लास्थित बागमती सिँचाई आयोजनास्थलमा पुऱ्याई बाँध विस्तार गरिने भएकोले आगामी आर्थिक वर्षहरूमा पूर्वाधारको क्षेत्रमा केही प्रगति हुने देखिन्छ ।